# गुरुङ्ग जातिको आर्थिक अवस्था र परिवर्तन

(कास्की जिल्ला, लुम्ले गा.वि.स., तोल्का र भिचुक गाउँको गुरुङ्ग जातीको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय
अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर
तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता
पूरा गर्न तयार पारिएको
शोधपत्र

शोधकर्ता
ज्ञानी गुरुङ्ग
परीक्षा रोल नं. २८१९५१/२०६९
त्रि.वि. दर्ता नं. ६-१-४८-१७६५-२००२

समाजशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०७३

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर केन्द्रीय क्याम्पस

कीर्तिपुर, काठमाण्डौं

## सिफारिस पत्र

त्रि.वि. समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पूर्तिको लागि मेरो निर्देशन तथा सुपरीवेक्षणमा ज्ञानी गुरुङ्गले "गुरुङ्ग जातिको आर्थिक अवस्था र परिवर्तन : कास्की जिल्ला, लुम्ले गा.वि.स.,तोल्का र भिचुक गाउँको गुरुङ्ग जातीको एक अध्ययन" शीर्षकमा यो शोधपत्र तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्रको आवश्यक अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...................................

राम के. सी.

प्राध्यापक

समाजशास्त्र केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

मितिः २०७३/१२/२९

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर केन्द्रीय क्याम्पस

कीर्तिपुर, काठमाण्डौं

## स्वीकृति पत्र

त्रि.वि., समाजशास्त्र तथा मानवशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको निमित्त ज्ञानी गुरुङ्गद्वारा तयार पारिएको "गुरुङ्ग जातिको आर्थिक अवस्था र परिवर्तन : कास्की जिल्ला, लुम्ले गा.वि.स.,तोल्का र भिचुक गाउँको गुरुङ्ग जातीको एक अध्ययन" नामक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधिको लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति** **हस्ताक्षर**

प्रा. डा. तुल्सी राम पाण्डे ......................

**विभागीय प्रमुख**

राम के. सी. ......................

**आन्तरिक सुपरिवेक्षक**

डा. टिका राम गौतम ......................

**वाह्य सुपरिवेक्षक**

मितिः २०७३/१२/२९

## कृतज्ञता

त्रिभुवन विश्वविधालय मानविकि तथा समाजशास्त्र संकाय, स्नातकोत्तर तहको एम. ए. दोस्रो वर्षको आवश्यकता परिपूर्ति गर्न यो सोधपत्र तयार पारिएको हो। गुरुङ जातिको आर्थिक अवस्था र परिवर्तन शिर्षक भित्र रहेर यो शोध कार्य तयार गरिएको हो। शोधपत्र स्थलगत अध्ययनबाट, प्राप्त सुचनाहरु तथा आधिकारिक रुपमा प्रकाशित तथ्यांकको आधारमा तयार पारिएको हो। "गुरुङ जातिको आर्थिक अवस्था र परिवर्तन" अध्ययनको निष्कर्षले गुरुङ जाति सम्बन्धि विविध जानकारी हांसिल गर्नमा उपयोगी हुने आशा गरिएको छ। यस शोधपत्रको प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई निर्देशन, सल्लाह, सुझाव एवं सहयोग प्रदान गर्नु हुने समाजशास्त्र र मानवशास्त्र केन्द्रीय विभागका प्राध्यापक राम के. सी. ज्यू प्रति आभार ब्यक्त गर्दछु साथै विभागीय प्रमुख प्रा. डा. तुल्सीराम पाण्डे ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यो शोधपत्र तयार गर्ने अवसर दिएकोमा त्रिभूवन विश्वविद्यालय, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरप्रति कृतज्ञता व्यक्त गर्दछु।

शोधपत्र तयार पार्ने क्रममा अमुल्य सल्लाह र सुझावहरूका साथै सही मार्ग निर्देशन गर्ने श्रद्धेय गुरुज्यूहरु टिकाराम गौतम, चैतन्य मिश्र प्रति आभारी छु। यसै गरी शोधपत्र तयार पार्ने क्रममा विभिन्न अध्ययन सामग्री उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालय, समाजशास्त्र/मानवशास्त्र विभागका कर्मचारीहरूप्रति पनि आभार व्यक्त गर्न चाहन्छु। यसै गरी यस शोधपत्र तयार गर्ने क्रममा सहयोग गर्नुहुने लुम्ले गा.वि.स. का पदाधिकारीहरु, शिक्षक साथै त्यहाँ बसोवास गर्ने दाजु भाइ दिदीबहिनीहरुप्रति आभार व्यक्त गर्न चाहान्छु। मेरो यस अध्ययनलाई सम्पन्न गर्ने सहयोग पुर्याउनु हुने हजुरआमा सुबी गुरुङ्ग, बुवा खुशिमान ब. गुरुङ्ग, आमा उदिसुबा गुरुङ्ग र श्रीमान राजेन्द्र ब. क्षेत्री प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

मितिः २०७३/१२/२९ ज्ञानी गुरुङ्ग

# विषय सूची

| | पृष्ठ संख्या |
|---|---|
| सिफारिस पत्र | |
| स्वीवीकृती पत्र | |
| कृतज्ञता | |
| बिषय सूची | |
| तालिका सूची | |
| **अध्याय एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | ०१ |
| १.२ समस्याको कथन | ०३ |
| १.३ अध्ययनको उद्देश्य | ०४ |
| १.४ अध्ययनको महत्व | ०४ |
| १.५ अध्ययनको संगठन | ०५ |
| **अध्याय दुई : सन्दर्भ साहित्यको समीक्षा** | |
| २.१.सन्दर्भ साहित्यको पूनरावलोकन | ०७ |
| **अध्याय तीन : अनुसन्धान विधि** | |
| ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य | १३ |
| ३.२ अनुसन्धान ढाँचा | १३ |
| ३.३ समग्रता नमुना छनौट प्रकृया | १३ |
| ३.४ तथ्यांकको प्रकार र प्रकृति | १४ |

३.५ तथ्यांक संकलनका विधिहरु १४

३.५.१ अन्तरवार्ता १४

३.५.२ अवलोकन १५

३.५.३ प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता १५

३.६. तथ्याङ्कको विश्लेषण १५

**अध्याय चार : अध्ययन क्षेत्रको परिचय**

४.१. भौगोलिक अवस्था १६

४.२. हावापानी १७

४.३ बनस्पती तथा पशुपन्छी १७

४.४. जनसंख्याको स्थिति १७

४.५. खानेपानी १७

४.६. धार्मिक अवस्था १८

४.७. शैक्षिक अवस्था १८

४.८. सरकारी सेवा सुविधा १८

**अध्याय पाँचः आर्थिक अवस्था**

५.१ प्रमुख पेशा २०

५.२ जमिनको स्वामित्य २१

५.३ आम्दानी २३

५.४ खर्च २५

५.४.१ खाध्यान्न खरिदमा खर्च २५

५.४.२ लत्ताकपडा २६

५.४.३ औषधि उपचार २७

५.४.४ शिक्षामा खर्च २८

५.४.५ मनोरन्जन ३०

५.४.६ धार्मिक कार्यमा गरिने खर्च ३०

५.५ ऋणको अवस्था ३२

५.६ जीविकोपार्जन ३३

**अध्याय छ : गुरुङ जातिको आर्थिक पक्षमा आएको परिवर्तन**

६.१ पेशा ३४

६.२ शिक्षा ३५

६.३ आम्दानी ३६

६.४ खर्च ३७

**अध्याय सात : सारांश र निष्कर्ष**

७.१ सारांश ३९

७.२ निष्कर्ष ४२

**सन्दर्भसामाग्री** ४३

**प्रश्नावली** ४५

# तालिका सूची


| | पृष्ठ संख्या |
|---|---|
| तालिका नं. १ : पेशाका आधारमा उत्तरदाताको विवरण | २० |
| तालिका नं. २ : उत्तरदाताको भुस्वामित्वको विवरण | २२ |
| तालिका नं. ३ : उत्तरदाताको वार्षिक आम्दानी विवरण | २३ |
| तालिका नं. ४ : उत्तरदाताको खाध्यान्न खर्चको विवरण | २५ |
| तालिका नं. ५ : उत्तरदाताको लत्ताकपडामा हुने खर्चको विवरण | २६ |
| तालिका नं. ६ : औषधि उपचारमा हुने खर्चको विवरण | २८ |
| तालिका नं. ७ : उत्तरदाताको शिक्षामा हुने खर्चको विवरण | २९ |
| तालिका नं. ८ : उत्तरदाताको मनोरन्जनमा हुने खर्चको विवरण | ३० |
| तालिका नं. ९ : उत्तरदाताको धार्मिक कार्यमा हुने खर्चको विवरण | ३१ |
| तालिका नं. १० : उत्तरदाताको ऋणको विवरण | ३२ |
| तालिका नं. ११ : पेशा परिवर्तनको आधारमा उत्तरदाताको विवरण | ३४ |
| तालिका नं. १२ : शिक्षा परिवर्तनको आधारमा उत्तरदाताको विवरण | ३६ |
| तालिका नं. १३ : आम्दानी परिवर्तनको आधारमा उत्तरदाताको विवरण | ३७ |
| तालिका नं. १४ : खर्च परिवर्तनको आधारमा उत्तरदाताको विवरण | ३८ |

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

व्यक्ति, समाज र सामाजिक सम्बन्धहरु परिवर्तनशील छन् । परिवर्तन भनेकै पूरानो समाज र सामाजिक सम्बन्धको अवशान र नयाँको जन्म र निर्माण हो । समाजमा परिवर्तन ल्याउने मूख्य कारक तत्वहरु व्यक्ति, अर्थतन्त्र, राजनीति, विश्वव्यापिकरण, प्रविधि, संस्कृति, सञ्चारका माध्यमहरु, प्रकृति, वैचारिक पक्ष आदि हुन् । समयको गतिसंगै सामाजिक संरचना वा ढाँचा इकाई, सम्बन्ध, अर्न्तक्रिया आदिमा आउने परिवर्तन नै सामाजिक परिवर्तन हो । तर परिवर्तनको आम दिशा, तत्कालीन दिशा, गति वा दर, आयम र घनत्व भिन्न ऐतिहासिक खण्डमा भिन्न भिन्न हुन सक्छ । समयको गतिसंगै  समाज एक स्वरुपबाट अर्को स्वरुपमा परिवर्तन हुन्छ । उदाहरणको रुपमा मानव सभ्यताको आरम्भमा अस्तित्वमा रहेको समाज, सामाजिक ढाँचा, इकाई, सम्बन्ध समयको गतिसंगै परिवर्तन भएको छ । आदिम समाज, सरल, अविकसित, प्राकृतिक, सामुहिक थियो र अहिले आधुनीक समाज जटिल अवस्थामा रहेको छ । ग्रामीण समाज शहरी समाजमा रुपान्तरण भइरहेका छन् (Fisher, 2011) । प्रत्येक समाजको संगठन कार्य र उद्देश्यमा परिवर्तन आएको छ।

व्यक्तिमा आएको परिवर्तनको छाल परिवार, समुदाय आदि हुँदै मुलुक र विश्वमा ठोकिन्छ र तिनको पुनर्गठनमा परिणत हुन्छ । त्यस्तै मुलुक र विश्वमा भएका परिवर्तनको छाप विभिन्न तह हुँदै व्यक्तिमा पर्छ अनि व्यक्ति पुनगर्ठित हुन्छ । त्यस्तैगरी सामाजिक एकाईहरु अर्थतन्त्र, राजनीति, संस्कृति, विवाह आदि एक अर्कामा अन्तर सम्बन्धीत र अन्तरनिर्भर हुन्छन् (Fisher, 2011) । तसर्थ एउटा पक्षमा आएको अन्तरविरोध र परिवर्तनले स्वभाविक रुपमा नै अर्को पक्षमा अन्तरविरोध र परिवर्तन ल्याउदछ ।

समाजका अन्य क्षेत्र जस्तै आर्थिकपक्ष पनि परिवर्तनशील छ न कि स्थायी प्रकृतिको । समाजमा रहेको विभिन्नता र असमान्ता यी दुई बीच हुने अन्तर्क्रिया र द्वन्द्वको कारण आर्थिक अन्तरविरोध र सिर्जना गर्दै आर्थिक परिवर्तनको ढोका निरन्तर खुल्ला राखेको हुन्छन् । आर्थिक परिवर्तन ल्याउने मूख्य कारकतत्वहरुबाहिरीआर्थिक अन्तरविरोध र सम्पर्क साथै अर्थतन्त्र र राज्यसत्ता वा राज्य व्यवस्थामा हुने परिवर्तन हो ।

कुनै पनि सामाजिक व्यवस्था स्थिर हुदैन र परिवर्तनशील हुन्छ । सबै खाले संरचना र मान्यता आन्तरिक एवम् वाह्य अन्तरविरोधका कारण मक्किदै र भत्किदै जान्छ । यसैकारण नै नेपालमा पनि सबै खाले परम्परा क्षीण बन्ने क्रममा छन् । कुनै पनि अस्तित्वमा रहनको लागि सामाजिक कर्ताको महत्वपूर्ण भूमिका हुन्छ । कर्ताको कार्यले सामाजिक संरचना फेरबदल वा परिवर्तन ल्याउदछ र सम्पूर्ण सामाजिक व्यवस्थामा आएको परिवर्तनले सामाजिक कर्ताको कार्यमा पनि परिवर्तन ल्याउदछ (Fisher, 2011) ।

सिङ्गो नेपाली सामाजिक संरचनामा नै परिवर्तन आइरहेको सन्दर्भमा यसको भाग, इकाईको रुपमा कार्य गरिरहेको विभिन्न जाति, धर्म, भाषा, रहनसहन, संस्कृति आदिमा परिवर्तन नआउने कुरै भएन । नेपाली सामाजिक संरचनाका विभिन्न भागहरु मध्ये गुरुङ जाति पनि एक हो । गुरुङहरु आफ्नै धर्म, संस्कति, भाषाबाट सुसजित छन् । गुरुङहरुको उद्गमस्थलबारे विभिन्न आँकलनहरु छन् । गुरुङहरुको उद्गमस्थल मंगोलियामा भएको र चिन अनि तिब्बत हुँदै नेपालको भित्रिएको तथ्यमा नै धेरै विद्वानहरु सहमत भएको पाइन्छ (गुरुङ, २०६७)। प्राचिनकालमा गुरुङ जिववादी धर्म मान्थ्यो र आफ्नै पुरोहितबाटपुर्वज तथा प्रकृतिको पूजा गरिन्थ्यो । उनीहरुमा मध्यकालमा तिब्बती लामाबाट बुद्ध धर्मको र पछि हिन्दु धर्मको र वर्तमान समयमा विभिन्न धर्महरुको प्रभाव परेको देखिन्छ ।

गुरुङ भाषा भोट बर्मेली भाषा परिवार अन्तर्गतको भाषा हो । तर वि.स. २०६८ को तथ्याङ्क अनुसार नेपालको कुल जनसङ्ख्याको १.२३ प्रतिशतले मात्र आफ्नो भाषा बोल्दछन् । साथै सञ्चार क्षेत्रमा भएको विकास र प्रसारका कारण पश्चिमी संस्कृतिको प्रत्यक्षसर्म्पकको प्रभाव

स्वरुप आएको परिवर्तित धारणाले नेपाली सामाजिक आर्थिक जीवनमा समेत परिवर्तन आएको हामी पाउछौ । यसबाट गुरुङ जाति पनि अछुतो छैन । उनीहरुको मौलिक धर्म, भाषा, संस्कृति, रीतिरिवाज, लगाई, खुवाई आदिमा बाह्य संस्कृति प्रभावको कारण दिनप्रतिदिन परिवर्तन हुँदै गएको देखिन्छ । गुरुङहरुको आर्थिक  पक्षमा आएको परिवर्तनको धेरै थोरै अध्ययन र अनुसन्धान भएको छ तर यस सोधपत्रमा समावेश गरिएको क्षेत्र कास्की  जिल्लाको लुम्ले गा.वि.स.का तोल्कागाउँको गुरुङहरुको बारेमा गरिएको अध्ययन सोधकर्ताको जानकारीमा नआएको हुँदा यहाँका गुरुङहरुको आर्थिक पक्षमा आएको परिवर्तनको अध्ययनलाई सोधपत्रको विषयमा समेटिएको छ (Fisher, 2011) ।

## १.२ समस्याको कथन

समाज परिवर्तनशील छ । मानव समाजको इतिहास पल्टाएर हेर्ने हो भने यसले उत्पतिकाल देखि हाल सम्म विभिन्न रुपहरु फेरिसकेको छन् र यो फेरिने क्रम पनि निरन्तर अगाडी बढिरहेको छ । उदाहरणकोलागि आदिम समाज पशुपालन समाजमा रुपान्तरित भयो र कृषि, सामन्तबादी हुँदै वर्तमान समय पुंजिबादी अवस्थामा गुज्रीरहेको छ । कुनै पनि समाजको गतिशीलतामा बाह्यक र आन्तरिक तत्वहरुले महत्वपुर्ण भूमिका खेल्दछ (Fisher, 2011) । जस्तै जनसंख्याको वृद्धि, प्रविधिक विकास, आर्थिक र राजनैतिक परिवर्तन, मनोबैज्ञानिक तत्व, वैचारिक पक्ष, सांस्कृतिक पक्ष आदि ।

नेपाली समाज पनि विभिन्न कालखण्डमा विभिन्न स्वरुपहरुमा परिवर्तन हुँदै वर्तमान समयमा आइपुगेको छ । नेपाली समाजको भाग वा अंगको रुपमा यहाँ विभिन्न छुट्टै मौलिक भाषा, संस्कृति, धर्म, परम्परा आदि भएका समुदायहरु बसोबास गर्दै आएका छन् । ती विभिन्न समुदाय मध्ये गरुङ्ग समुदाय पनि एक हो । गरुङ्गहरु हिमाल, पहाड, तराई लगाएत नेपालको अधिकांश ठाउाहरुमा छरिएर रहेको देखिए पनि पहाडी क्षेत्रमा यिनिहरुको बाहुल्यता छ । गरुङ्ग जातिको जीवनशैली, रहनसहन साथै भाषा, संस्कृति र संस्कारहरुमा समेत दिन प्रतिदिन परिवर्तन हुँदै गइरहेको छ । वर्तमान समयमा गरुङ्ग समाज तथा संस्कृतिमा देखा परेका परिवर्तनहरुको शैद्धान्तिक दृष्टिकोणबाट अध्ययन र अनुसन्धान हुन आवश्यक छ । किनकी सबै परिवर्तनले समाज तथा

सांस्कृतिक पक्षलाई सही मार्गमा डोर्‍याउँदैनन् । यस्ता पक्षहरुको  समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन हुन आवश्यक छ (Fisher, 2011) । तसर्थ यस अध्ययनले निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयत्न गर्नेछ ।

- गुरुङ्ग जातिको धर्म, भाषा, रीतिरिवाज, परम्परा आर्थिकआदि पक्षमा परिवर्तन ल्याउने कारक तत्वहरुको रुपमा के कुराले मूख्य भूमिका खेल्दै आएको छ ?
- गुरुङ्ग जातिले धर्म, भाषा, रीतिरिवाज, परम्परा आर्थिकआदि पक्षमा भएको परिवर्तनको कस्तो प्रभाव र परिणाम भोगिरहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

नेपालमा बसोबास गर्ने विभिन्न जात जातिहरुको आ आफ्नो किसिमको सामाजीक आर्थिक तथा सांस्कृतिक अवस्था छ । यो अध्ययनको मुख्य उद्देश्यमा गरुङ्ग जातिको आर्थिक अवस्थाको र यस जातिमा आएको परिवर्तनको खोज अनुसन्धान गर्नु रहेको छ । यो अध्ययनको विशिष्ठ उदेश्यहरु निम्न रहेका छन ।

१. गरुङ्ग जातिको आर्थिक स्थितिको अध्ययन गर्ने ।

२. गरुङ्ग जातिको परम्परागत र वर्तमान आर्थिक अवस्थामा देखिएका परिवर्तन बारे अध्ययन गर्ने
।

## १.४ अध्ययनको महत्व

वर्तमान समयमा नेपाली समाज दिन प्रतिदिन तिव्र गतिमा परिवर्तन हुँदै आइरहेको छ । समाजमा बसोबास गर्ने हरेक जातजातीको सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, धार्मिक, राजनैतिक आदि पक्षमा परिवर्तन आइरहेको छ । वर्तमान समयमा देखिने सामाजिक घटना र परिवर्तनहरुको ऐतिहाँसिक कारणहरु हुने भएकोले गरुङ्ग जातिमा वर्तमान समयमा देखिएको आर्थिक परिवर्तनहरुको ऐतिहासिक विशिष्ठता बुझ्न यस अध्ययनले मद्दत गर्नेछ र गरुङ्ग जातिहरुको संस्कृति रहनसहन र परम्पराहरु के – के कुराहरुबाट प्रभावीत भइरहेको छ र वृहत तहमा भएको

परिवर्तन र अन्तर संस्कृतिको अन्तरक्रियाबाट उनीहरु कसरी प्रभावीत भइरहेको छ भन्ने तथ्य बुझ्न यस अध्ययन उपयोगी हुनेछ ।

## १.५ अध्ययनको संगठन

शोध पत्र अध्ययनलाई सात वटा भागमा विभाजन गरिएको छ । पहिलो भागमा अध्ययन परिचय, दोस्रो भागमा पूर्व साहित्यको समिक्षा, तेस्रो भागमा अनुसन्धान विधि, चौथो भागमा अध्ययन क्षेत्रको परिचय, पाँचौ भागमा आर्थिक अवस्था, छौठौ भागमा आर्थिक अवस्थामा आएको परिवर्तन र सातौ भागमा सारंश र निस्कर्ष राख्नुका साथै अन्तमा सन्दर्भ सामाग्री र विभिन्न प्रश्नावलीको नमुनाहरु पनि उल्लेख गरिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको समीक्षा

## २.१.सन्दर्भ साहित्यको पूनरावलोकन

सन् १९५० को राजनैतिक परिवर्तन पछि नेपालमा बसोबास गर्ने विभिन्न किसिमका जनजातिहरुको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाहरु र परिवर्तनको बारेमा विभिन्न स्वदेशी तथा विदेशी विद्वान तथा अनुसन्धानकर्ताहरुले अध्ययन अनुसन्धान गरिरहेको पाइन्छ । नेपालमा जैविक विविधताका साथै सांस्कृतिक विविधता रहेको हुनाले विश्वको समाजशास्त्रीय, मानवशास्त्रीय अध्ययनको थलो पनि मान्न सकिन्छ । स्वेदशी तथा विदेशी अनुसन्धानकर्ताहरुले अध्ययन गरी तयार पारेको लेख, पुस्तक तथा अन्य सामाग्रीको आधारमा ती जनजातिको ऐतिहासिक पृष्ठभूमि र वर्तमान समयमा देखिएको परिवर्तनलाई विश्लेषण गर्न सकिन्छ ।

सामाजिक,सांस्कृतिक परिवर्तनका सम्बन्धमा अनुभवसिद्ध अध्ययनमा स्वदेशी तथा विदेशी समाजशास्त्री तथा मानवशास्त्रीहरुले विभिन्न कृति, लेख, रचनाबाट आफ्नो धारणाहरु व्यक्त गरेका छन् । अहिलेको अवस्थामा समाज सांस्कृतिक परिवर्तनवारे थुप्रै अध्ययन अनुसन्धान भएतापनि यस अध्ययनले चाहिगुरूङ जातिको आर्थिक पक्षमा आएको परिवर्तन र त्यसको कारक तत्वहरु बारे जानकारी राख्न विशेष महत्व दिन्छ ।

लामो समय देखि नेपाली समाज र संस्कृतीमा देखिएको परिवर्तनको बारेमा समाजशास्त्रीय दृष्टिकोणबाट लेखिएको लेख “Globalization in Nepal Theory and Practice” हो । जसका लेखक James F. Fisher हुन् । Fisher (2011) लेख्नु हुन्छकी निश्चित समय र स्थान अनुसार परिवर्तन, पुनपरिवर्तन हुंदैजान्छ। अर्थात परिवर्तन आफैमा स्थिर नभएर गतिशील हुन्छ । तसर्थ सम्पूर्ण सामाजिक, साँस्कृतीक, राजनैतिक, आर्थिक व्यवस्थाहरु पनि परिवर्तनशील छन् । Fisher ले यस लेखमा परिवर्तनलाई नभएर परिवर्तनको प्रक्रियालाई जोड दिएका छन् । यही कुरालाई पुष्टी गर्न Fisher ले नेपाली सामाजिक र राजनैतिक व्यवस्थामा हुंदै आएको परिवर्तनको प्रक्रियालाई यस लेखमा उदाहरणको रुपमा प्रस्तुत गरेका छन् । जस्तै, वि.सं. २००७ सालमा

भएको आन्दोलनले राणाशासन हटाएर प्रजातन्त्रिक व्वस्थाको स्थापना गऱ्यो । तत्कालीन समयका नेपाली समाज र जनताले ठूलो रुपान्तरण प्राप्त गरे तर त्यो परिवर्तन वा रुपान्तरण स्थीर रहेन, पुनः त्यसमा परिवर्तन भई २०१७ सालमा निर्दलीय व्यवस्थाको स्थापना भयो । परिवर्तन पुनः परिवर्तन हुँदै २०६२/६३ सालको आन्दोलन भएको थियो । यसरी परिवर्तन समय र स्थान अनुसार बदलिँदै जान्छ । Fisher को अनुसार कुनै पनि सामाजिक, साँस्कृतीक, राजनैतिक, आर्थिक व्यवस्थामा परवर्तन ल्याउने विभिन्न कारक तत्वहरु मध्ये एक विश्वव्यापीकरण हो । सुरुवातमा विश्वव्यापिकरणको चर्चा गर्दै भन्नु हुन्छ कि विश्वव्यापीकरण शब्द सन् १९५० ताका प्रयोगमा आएको भएतापनि यसको उत्पत्ति इतिहास धैरै लामो छ । जुन समयदेखि मानव जनसंख्या पहाड, समुद्र, नदी पार गर्दै एक ठाउँबाट अर्को ठाउँ बसाई सर्दै हिँडे तब उनीहरु आफूसँगै आफ्नो धर्म, विचारधारा, रितीरिवाज, संस्कृति, प्रविधि पनि लिएर हिँड्थे । तसर्थ विश्वव्यापिकरणको अवधारणा हजारौं वर्ष अगाडि नै उत्पत्ति भएको हो । विश्वव्यापीकरणलाई संस्कृतिको प्रसारणको रुपमा पनि हेर्न सकिन्छ ।

यो सामाजिक व्यवस्थामा पनि लागू हुन्छ । कुनै पनि सामाजिक व्यवस्था स्थीर छैन । यो विस्तारै परिवर्तन हुँदै जान्छ र अवसरहरु पनि विस्तारै आउँदछ । झट्ट हेर्दा यो परिवर्तन प्राकृतिक रुपमा स्वस्फूर्त भएको जस्तो देखिएतापनि सामाजिक व्यवस्थामा परिवर्तन ल्याउने कार्य सामाजिक कर्ताले गर्दछ ।

Fisher ले विश्वव्यापीकरणको प्रभावको बारेमा चर्चा गर्नु अगाडि सामाजिक संरचना र सामाजिक कर्ताको बीचको सम्बन्धको चर्चा गरेका छन् । कुनै पनि संरचना अस्तित्वमा रहनका लागिसामाजिककर्ताको महत्वपूर्ण भूमिका हुन्छ । अझ स्पष्ट भन्नुपर्दा सामाजिक कर्ता विना सामाजिक संरचना अस्तित्वमा रहन सक्दैन । कर्ताको कार्यले सामाजिक संरचनाका फेरवदल वा परिवर्तन ल्याउँदछ र सम्पूर्ण सिङ्गो सामाजिक व्यवस्थामा आएको परिवर्तनले सामाजिककर्ताको कार्यमा पनि परिवर्तन ल्याउँदछ । जानअन्जानमाकर्ताले संरचनालाई निरन्तरता दिने र सञ्चालन गर्ने काम गर्दछ । साथै सामाजिक संरचनाको एउटा महत्वपूर्ण भाग वा अङ्गको रुपमा कार्य गरिरहन्छ। तसर्थ कर्ता र संरचना एक अर्कामा परिपूरक हुन्छन् र यी दुवै अस्तित्वको लागि एक

अर्काको महत्वपूर्ण भूमिका हुन्छ । उदाहरणका लागि नेपालको सामाजिक-राजनैतिक र आर्थिक परिवर्तनलाई यस लेखमा प्रस्तुत गरेका छन् ।

नेपाली जनतालाइ Fisher ले कर्ताको रुपमा व्याख्या गरेका छन् भने नेपाली सामाजिक-राजनैतिक व्यवस्थालाई संरचनाको रुपमा लिएका छन् । Fisher भन्छन् "नेपालमा परिवर्तनको कमी छैन ।" छोटकरीमा भन्नु पर्दा २००७ सालमा राणा शासनकालको अन्त्य गरी, वहुदलीय व्यवस्था स्थापना गर्ने कार्य नेपाली जनता (सामाजिक कर्ता) द्वारा भयो । त्यस्तैगरी वृहत रुपमा केन्द्रीय स्तरमा निर्माण भएको नयाँ राजनैतिक - सामाजिक नियमहरुले आम नेपाली जनताको जीवनस्तरमा परिवर्तन ल्यायो ।

यस्तै Agencies को लागि सामाजिक संरचनामा वैकल्पिक छनौटहरु हुन्छ । नेपालमा पहिला ब्राह्मणले आफूभन्दा तल्लो जातले पकाएको खाना खान हुँदैन भन्ने सामाजिक-सांस्कृतीक परम्परा थियो । तर रामायणमा रामले आफ्नो काम गर्ने सानो जातको महिलाद्वारा पकाइएको खाना खाएको उल्लेख छ । जसलाइ Fisher ले तत्कालिन समयको ब्राह्मणहरुको लागि वैकल्पिक छनौटको रुपमा लिएका छन् । नेपालको सन्दर्भमा परिवर्तनको चर्चा गर्नुपर्दा विगत लामो समयदेखि राष्ट्रिय इतिहासमा परिवर्तन ल्याउने आधारभूत कारक तत्वका रुपमा विश्वव्यापीकरण रहँदै आएको छ । विश्वमा भएका विभिन्न क्रान्ति तथा परिवर्तनहरुको प्रभाव नेपाली समाजमा परेको देखिन्छ ।

नेपालको राजनैतिक नेताहरु, जसले नेपालको राजनैतिक सामाजिक व्यवस्थामा परिवर्तन ल्याउन मुख्य भूमिका निश्चित कालखण्डमा निर्वाह गरे र आफ्नो महत्वपूर्ण योगदान दिए, उनीहरु पश्चिमी विद्वान्, राजनैतिक नेताहरुको विचारधारा र सिद्धान्तहरुबाट प्रभावित थिए । उनीहरुल Marx, Lenin, Voltaire, Rousseau, Nepolean, H.G. Wells, Thomas जस्ता विद्वानहरुलाई अनुशरण गरेका थिए र वर्तमान नेताहरु पनि गर्दछन् ।

अर्को तर्फ सञ्चारको विकास र प्रचारले पश्चिमी जगतमा भएको विकास विभिन्न आन्दोलन र क्रान्तिको प्रभाव नेपाली जनतामा पनि परेको थियो र छ । जसले नेपाली सामाजिक-राजनैतिक व्यवस्थामा क्रमिक रुपमा विकास, सुधार र परिवर्तन ल्याउन सफल हुँदै आएको छ । जस्तै formulation of parliament, political institution law/order etc. पश्चिमी देशहरुबाट प्रभावित भई सोही अनुसार नेपालमा पनि निर्माण भएको देखिन्छ ।

वृहत तहको विश्वव्यापीकरण प्रक्रियाको मागको रुपमा नेपाली जनताले जानेर वा अन्जानमा कार्य गर्दै आएका छन् । उदाहरणको लागि Fisher ले भागवत गीतामा अर्जुनले युद्धको वृहत सन्दर्भ नबुझी उनी युद्धमा सक्रिय भएको कुराको चर्चा गरेका छन् । नेपाली राजनैतिक र सामाजिक व्यवस्थाको रुपान्तरण अन्त्यहीन छ, जुन सफलताको हातहरु अगाडि बढ्दैछ । यसरी नेपालमा राजनितिक र सामाजिक आन्दोलनहरुले सफलताको सिढी चढ्नु र नेपाली समाज रुपान्तरण हुनुमा विश्वव्यापीकरणको पनि मुख्य भूमिका रहेको छ ।

नेपाली समाजको सामाजिक साँस्कृतीक परिवर्तनबारे लेखिएका विभिन्न पुस्तकहरु मध्ये Sliding Down Hill: Some Reflections on Thirty Years of Change in Himalayan Village पनि एक हो जसका लेखक Alan Marfarlane हुन् । यस लेखमा Alan Marfarlane ले पोखरा नजिकको थाक गाउँमा तीस वर्ष भित्र देखिएको सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तन तथा रुपान्तरणको बारेमा चर्चा गरेका छन् । सन् १९६८ मा Macfarlane आफ्नो अनुसन्धानको लागि थाक गाउँ पहिलो पटक आएको थियो । Resources and Population Study of Central Nepal उनको अनुसन्धानको शिर्षक थियो ।

सन् १९६८ मा Macfarlane पहिलो पटक थाक गाउँ जाँदा पोखराबाट ८ घण्टा हिँड्नु पर्थ्यो । त्यहाँको जमिन rocky type थियो ।गाउँमा विद्यालय थिएन र बच्चाहरु ४५ मिनेट हिँडेर अर्को ठाउँमा पढ्न जानुपर्थ्यो । थाक गाउँको जनसंख्या वृद्धिदर एक प्रतिशत प्रति वर्ष थियो, सोही कारण लेखकले ३० वर्षमा त्यहाँको जनसंख्या दोब्बर हुने अनुमान लगाएका थिए । साथै Malthesian Theory को आधारमा थाक गाउँमा जनसंख्याको आकार बढ्दै जाँदा त्यहाँको जमिन

र प्राकृतिक स्रोतले जनसंख्यालाई धान्न सक्दैन जसले गर्दा अनिकाल, बाढी-पहिरो हुने अनुमान गरेका थिए । साथै युद्ध नभए विभिन्न रोगहरु र बाढी-पहिरोबाट मानिसहरुको मृत्यु हुन सक्ने अनुमान लेखकले लगाएका थिए ।

सन् १९८६ मा दोस्रोपटक थाक गाउँमा लेखक पुनः अवलोकन गर्न जाँदा जनसंख्या दोब्बर हुने अनुमान पुरा भएको थियो । गाउँको भौतिक संरचनामा खासै परिवर्तन नभएको कृषि गर्ने तरिका पुरानै, हातले बनाएको औजार नै प्रयोग गर्थे । भौतिक संरचनामा परिवर्तन भनेको ५ कक्षा सम्म गाउँमा नै विद्यालयको व्यवस्था, पानीको पाइप जडान, गाउँको फेदसम्म मोटर बाटो आदि मात्र थिए । सन् १९८६ मा पनि गाउँमा विजुली, मोटर, सडक, हेल्थ पोष्ट, टेलिफोन केही थिएन तर गाउँमा ठूलो दुईवटा पसल खुलेका थिए जहाँ वियर, कोक, फेण्टा लगायत सम्पूर्ण खाद्यान्नहरु पाइन्थ्यो जुन पसलमा १९६८ मा मात्र चिया पाइने गर्थ्यो ।

लेखकले दोस्रो पटक थाक गाउँको अवलोकन गर्दा त्यहाँको भौतिक संरचनामा थोरै परिवर्तन र सामाजिक, सांस्कृतीक तथा आर्थिक पक्षमा भने धेरै परिवर्तन देखेको लेखकले यस लेखमा उल्लेख गरेका छन् । मुख्य परिवर्तन भनेको बाहिरी बसाइसराई हो, जसको लेखकले पहिले अवलोकनमा कल्पना पनि गरेका थिएन । सन् १९६८ तिर थाक गाउँका गुरुङ्गहरु अस्थाई बसाइसराई र मौसमी श्रमको लागि ब्रिटिस र भारतीय सेनामा जान्थे र कमाएको सबै पैसा गाउँमा नै लगानी गर्थे तर सन् १९७० ताका जब पोखरा र काठमाडौं जस्ता शहरहरु बृद्धि हुन थाले तव थाक गाउँको मानिसहरु (कमाउने) शहरमा घर बनाएर बस्न थाले । विस्तारै मानिसहरु Hong-Kong, Malaysia, India, Arab State, Europe लगायतका अन्य देशहरुमा काम गर्न जान थाले र कमाएको पैसा गाउँमा नभएर शहरमा लगानी गर्न थाले । जसको कारण गाउँमा गरीब, वृद्धा र बच्चाहरु मात्र बाँकी रहन थाले ।

लेखकले दोस्रो परिवर्तनमा थाक गाउँको मानिसहरुको खानपिनमा आएको परिवर्तनलाई पनि उल्लेख गरेका हुन् । पहिले थाकका गुरुङ्गहरुले प्रशस्त मात्रामा पशुपालन गर्थे, सोही कारण मध्यम वर्गले पनि हप्तामा दुईपटक मासु र दुध पर्याप्त मात्रामा खान पाउथ्यो । अन्न पनि राम्रो उब्जाउ

हुन्थ्यो तर पछि काम गर्ने उमेर समूह पैसा कमाउन गाउँ बाहिर जाने प्रवृत्तिले पशुपालनमा ह्रास आयो जसले गर्दा महिनामा दुईपटक मासु खान धेरै ठुलो कुरा भयो र दुधलाई त झन् विशाल रुपमा लिन थाल्यो । जनसंख्या वृद्धिको कारण जमीन पनि धेरै टुक्रामा बाँडिएको कारण जमीनको उत्पादनमा ह्रास आएको लेखकले चर्चा गरेका छन् ।

तेस्रो परिवर्तनमा Macfarlane ले थाक गाउँको खस्किँदो आर्थिक अवस्था र हुर्किँदै गरेको गरिबीको चर्चा गरेका छन् । लेखकले दोश्रो पटक थाक गाउँको अवलोकन गर्दा त्यहाँका मानिसहरु पहिलाको भन्दा झनै गरीब भएको जनाएको  छ । गाउँमा खाद्यान्नहरु जस्तै : आयोडिनयुक्त नुन, चिनी, तेल आदि पहिलाभन्दा सरल र सहज रुपमा उपलब्ध भएको तर ती वस्तुहरु अत्यन्तै महंगो थियो । गाउँका महिलाहरुले पुरानो सुनका गरगहनाहरु सबै बेचेका थिए र काम गरेको ज्याला बढेतापनि घरको उपभोग्य वस्तुको भाउ आकासीएको थियो । जस्तै सन् १९६८ मा एक दिन खेत जोतेको ज्याला १० रुपैयां पाउँथ्यो र त्यस समयमा एउटा कुखुरा ८ रुपैयांमा किन्न पाइन्थ्यो भने ४० दिन काम गरेर एउटा भैंसी किन्न सकिन्थ्यो तर पछि प्रतिदिन काम गरेको ५० रुपैया ज्याला पाउँथ्यो तर एउटा कुखुरा किन्न ४०० रुपैया लाग्ने भयो । एउटा भैंसी किन्न त १०० दिन भन्दा बढी काम गर्नु पर्थ्यो । यसरी थाक गाउँको मानिसहरुको क्रय क्षमतामा ह्रास आएको थियो ।

यस लेखमा Macfarlane ले चौथो परिवर्तनमा सामाजिक, सांस्कृतीक रितिरिवाजमा देखिएको परिवर्तनको चर्चा गरेका छन् । पहिलो पटक लेखक थाक गाउँमा जाँदा त्यहाँका गुरुङ्गहरुले शदियौं देखि चल्दै र मान्दै आएको संस्कृति, रीतिरिवाज, परम्परा र सामाजिक नियमलाई निरन्तरता दिँदै थिए । जस्तैः रोधी, विभिन्न कुल पूजा, वनभोज, फुपु-मामा चेलाबिच विवाह, परम्परागत पोशाक, गरगहना आदि । पछि यी सबै कुरामा परिवर्तन भएर भौतिक संस्कृतिकोसुरुवात भएको चर्चा गरेका छन् । गुरुङ्गहरुको पोशाक, गरगहना उनीहरुले प्रयोग गर्ने परम्परागत भाडा-वर्तन, स्थानीय उत्पादनहरुलाई औद्योगिक तयारी वस्तुहरुले प्रतिस्थापन गरेको लेखकले चर्चा गरेका छन् ।
त्यस्तै लेखकले दोस्रो पटक थाकको अवलोकन गर्दा त्यहाँका प्रत्येक मानिसहरु १ लाख भन्दा बढी ऋ्रणमा डुबेको थियो । यस्तो ऋ्रण प्राय : सामाजिक, सांस्कृतीक कार्य, विवाह, मृत्यु संस्कार र विरामी पर्दा लिएको र विशेष गरी वैदेशिक रोजगारको लागि वाहिर जानको लागि लिइन्थ्यो ।

यसरी थाक गाउँको आर्थिक अवस्था एकदमै खस्किँदो थियो र वास्तवीक गरिबी उत्पत्ति हुँदै गरेको लेखकले जनाएको छ र अन्त्यमा लेखकले थाक गाउँमा धेरै कठिनाइहरु बढ्दै गएको र थोरै विकास भएको उल्लेख गरेका छन् ।

# अध्याय तीन

## अनुसन्धान विधि

यस अध्यायमा अध्ययनका लागि आवश्यक अनुसन्धान विधिहरुको बारेमा उल्लेख गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनका लागि कास्की जिल्लाको लुम्ले गा.वि.स. मा पर्ने (तोल्का र भिचुक गाउँ) लाई छनौट गरिएको छ । यस गा.वि.स. मा कास्की जिल्लाको अन्य गा.वि.स. को दाँजोमा गुरुङ्ग समुदाय परम्परागत रुपमा रहेको र यस गा.वि.स. का गुरुङ्ग जातिहरुको छनौटबाट गुरुङ्ग जातिहरुको आर्थिक अवस्था पहिचान गर्न उचित ठानिएकोले छनौट गरिएको छ ।

### ३.२ अनुसन्धान ढाँचा

यो अध्ययन विशेष वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा आधारित छ । गुरुङ जातिमा रहेका यथास्थितिलाई वर्णन गरिएको यो अध्ययनमा वर्णनात्मक पध्दति प्रयोग गरिएको छ । उहिहरुको वास्तविक अवस्था, भोगाई आदि बारे जानकारी लिइएको छ र त्यसलाई तथ्यांकको रुपमा प्रस्तूत एवं विश्लेषण गरिएको छ ।

### ३.३ अध्ययनको समग्रता

यस अध्ययनमा कास्की जिल्ला लुम्ले गा.वि.स.को वडा नं. ७ र ८ लाई छनौट गरिएको छ । जस अन्तर्गत वडा न. ७ भिचुक गाउँमा जम्मा ५० घर धुरी रहेका छन । जसमा गुरुङ्गहरुको १५ घर धुरी रहेका छन । गुरुङ्गहरुको १५ घर धुरी संख्या कम भएको हुँदा नमूना छनौटमा सबै १५ घर धुरीनै छनौट गरिएको छ । १५ घरधुरीका मानिस नै अध्ययनका उत्तरदाताहरु हुन । जसमा महिला पुरुष गरि जम्मा १५ सामान्य नमुना छनौटको आधारमा गरिएको हो । त्यस्तै वडा नं. ८ तोल्का गाउँमा जम्मा १०० घर धुरी रहेका छन् । जसमा गुरुङ्गहरुको २० घर धुरी रहेका छ । गुरुङ्गहरुको २० घरधुरी संख्या कम भएको हुँदा नमूना छनौटमा सबै २० घरधुरीनै

छनौट गरिएको छ । २० घरधुरीका मानिस नै अध्ययनका उत्तरदाताहरु हुन । जसमा महिला पुरुष गरि जम्मा २० सामान्य नमुना छनौटको आधारमा गरिएको हो । यस गाउँमा बसोबास गर्ने अन्य जातिहरुमा मगर, ब्रामण, क्षेत्री, कामी, सार्की आदि छन् ।

## ३.४ तथ्यांकको प्रकार र प्रकृति

यस अध्ययनमा प्राथमिक र द्धितिय श्रोतबाट लिइएको तथ्यांकको उपयोग गरिएको छ । प्राथमिक श्रोत अन्तर्गत अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्रमा गएर अवलोकन, अन्तरबार्ता र मुख्य सूचनादाताहरु संगको अन्तरबार्ता आदि माध्यमहरु लिइएको छ ।

द्धितीय श्रोतबाट लिइएका तथ्यांकहरुमा विशेष गरेर गुरुङ्ग जातिसँग सम्बन्धित विद्धान, पत्रपत्रिका, अभिलेख, विविध सामग्री, गा.वि.स, जिल्ला विकास समितिबाट प्राप्त तथ्यांक आदिलाई द्धितिय श्रोतको रुपमा लिइएको छ ।

## ३.५. तथ्यांक संकलनका विधिहरु

कुनै पनि विषयको अध्ययन गर्दा तथ्यांकहरुको आवश्यकता पर्दछ । अध्ययनको राम्रो परिणाम त्यस अध्ययनमा अपनाइएको तथ्यांक संकलनको प्रविधिहरुमा निर्भर पर्दछ । आवश्यक र सहि तथ्यांक संकलन गर्नकोलागि सही तथ्यांक प्रविधि अत्यन्त आवश्यक पर्दछ । यस शोधपत्र तयारी अध्ययनको सिलसिलामा सम्बन्धित क्षेत्रमा स्थलगत सर्भेक्षण गरिने छ । त्यहाँका बासिन्दाहरुसँग अन्तरबार्ता, मुख्य जानकार व्यक्तिहरुसँग अन्तरवार्ता, तथ्य विश्लेषण आदि विधि प्रयोग गरिएको छ ।

### ३.५.१. अन्तरवार्ता

अन्तरबार्ता सूचिको प्रयोग गरि ३५ घरका घरमूलीसँग अन्तरबार्ता लिइएको छ । गरुङ्ग समुदायको आर्थिक स्थितिको बारेमा जानकारी लिदा भिचुक र तोल्का गरि जम्मा ३५ घरका घरमूलीसँग आयव्यय, भूस्वामित्व, खानपान, पेशा, बैवाहिक स्थिति, कृषि, पशुपालन, रोजगार आदिको बारेमा तथ्यांक संकलन गरिएको छ । उनीहरुको घर वरिपरिको पारिवारिक स्थितिको बारेमा शोधकर्ताले

अवलोकन गरेर समेत अध्ययन गर्ने छ। विशेष गरेर स्थानीय बासिले दिएको उत्तरलाई नै प्रमुख आधार मानिने छ।

### ३.५.२. अवलोकन

अध्ययन क्षेत्रका गरुङ्ग जातिको आर्थिक साथै उनीहरुको भेषभुषा, रहनसहन, खानपिन बासस्थान आदिको प्रत्यक्ष अवलोकन गरिएको आधारमा यस शोधलाई प्रस्तुत गरिएको छ। अनुसन्धानकर्ताले अवलोकनबाट प्रत्यक्ष रुपमा देख्न र सुन्न पाउने हुनाले तथ्यांक संकलन स्वयं उपस्थित भइ गरिएको हुँदा स्पस्ट धारणाहरु तयार पार्न र यस प्रक्रियालाई अवलम्बन गर्दा तथ्यांकहरुमा बढी यथार्थता, सत्यता र विश्वसनियता देखिने छ।

### ३.५.३. मुख्य जानकार व्यक्तिहरुसँगको अन्तरबार्ता

गुरुङ्ग जातिको ऐतिहासिक पृष्ठभुमी, जातिगत मान्यता, संस्कार, परम्परा, संस्कृति तथा क्षेत्रगत विषयको बारेमा तथ्यांक संकलन गर्ने क्रममा विभिन्न जानकार व्यक्तिहरुलाई प्रश्न सोधि संकलन गरिएको छ। यस क्रममा बुद्धिजिव, शिक्षक, व्यापारी, किसान र विभिन्न पेशामा संलग्न अनुभवी र जानकार व्यक्तिहरुलाई विशेष समय दिएर जानकारी लिइ शोधकार्यलाई सत्यताको नजिक पुचाइएको छ ।

## ३.६. तथ्यांक विश्लेषण विधि

यस अध्ययनमा अध्ययन क्षेत्रका गरुङ्ग जातिका सामाजीक, सांस्कृतिक तथा आर्थिक पक्षहरुका तथ्यांकहरु विभिन्न विधिहरुद्धारा संकलन गरिएको छ । संकलित तथ्यांकहरु मध्ये संख्यात्मक तथ्यांकलाई तालिकीकरण गरि संख्यात्मक तथा प्रतिशतमा प्रस्तुत गरी व्याख्या गरिएको छ । अध्ययनको सिलसिलामा संकलित तथ्यांकहरुको बर्गिकरण गर्दा विद्यमान तथ्यांकहरुको गुण र लक्षणको आधारमा छुट्याएर गुणात्मक तथ्यांकलाई पनि विश्लेषण गरिएको छ।

# अध्याय चार
# अध्ययन क्षेत्रको परिचय

नेपाललाई १४ अञ्चल ७५ जील्लाहरुमा विभाजन गरिएको छ। नेपालको जिल्लाहरु मध्ये कास्की जील्ला पनि एक हो। यस कास्की जील्लाको लुम्ले गा.वि.स., वडा नं. ८ मा तोल्का गाउँ पर्दछ। यस गाउँमा जम्मा १०० घर धुरी छन् भने जनसंख्या ५४८ रहेको छ। यस तोल्का गाउँ समुद्री सतहबाट करिव १८०० मी. उचाइमा अवस्थित छ। तोल्का गाउँबाट उत्तरमा माछापुछ्रे र अन्नपूर्ण हिमालहरु देख्न सकिन्छ।

नेपाल एउटा प्राकृतिक सुन्दरताले हराभरा देश हो। जसले गर्दा नेपाल पर्यटकीय देश पनि हो। यस्तै नेपालको पर्यटकिय क्षेत्र मध्ये तोल्का गाउँ पनि एक हो। यहाँको मानिसहरुका मूख्य पेशा भनेको नै होटल व्यवसायहो। त्यस्तै यस गाउँका मानिसहरु प्रसस्त खेती पनि गर्दछन्। जस्तैः कोदो, मकै, धान, आलु, सागसब्जी आदि खेति गर्दछन्। सुन्दर र शान्त यस गाउँमा एउटा माध्यामिक विद्यालय र एउटा स्वास्थ्य चौकी रहेको छ। त्यस्तै बिजुलीको तथा खानेपानीको राम्रो सुविधा रहेको छ। तोल्का गाउँ पहाडी भेगमा पर्दछ।

त्यसैगरि कास्की जिल्लाको लुम्ले गा.बि.स.वडा ७ मा भिचुक गाउँ पर्दछ । यस गाउँमा जम्मा ५० घरधुरी रहेका छन् भने जनसंख्या २७० रहेको छ। त्यस्तै भिचुक गाउँको मानिसहरूका मूख्य पेशा भनेको खेतीपाती हो । यस गाउँमा एउटा प्राथमिक विद्यालय रहेको छ । त्यस्तै बिजुलीको तथा खानेपानीको राम्रो सुविधा रहेको छ। भिचुक गाउँ पहाडी भेगमा पर्दछ।

## ४.१. भौगोलिक परिचय

भौगोलिक दृष्टिकोणले तोल्का गाउँ पहाडी भेगमा पर्दछ। यो गाउँ सुन्दर पर्यटकीय गाउँ हो। पर्यटकले गर्दा याहाँका मानिसहरुले रोजगार पाएका छन्। जस्तैः होटल व्यवसाय, तरकारी खेति, कुखुरा पालन त्यस्तै पर्यटकको भारी बोक्ने काम आदि। त्यस्तै तोल्का गाउँ एउटा खेती योग्य

गाउँ पनि हो । यस गाउँमा धान, कोदो, मकै, आलु, भटमास, सगसब्जी जस्ता खेती प्रशस्त मात्रामा गरिन्छ । त्यस्तै भौगोलिक दृष्टिकोणले भिचुक गाउँ पनि पहाडी भेगमा पर्दछ ।

## ४.२. हावापानी

तोल्का र भिचुक गाउँ भौगोलिक स्वरुप अनुसार पहाडी भेगमा पर्ने हुँदा यहाँको हापानी जाडो महिनामा अलि चिसो बढी हुनुका साथै कहिलेकाही जाडो याममा हिउँ पनि पर्ने गर्दछ । जे होस तोल्का र भिचुक गाउँको हापानी मानवजीवनको लागि सहजै मान्न सकिन्छ ।

## ४.३. बनस्पती तथा पशुपन्छी

तोल्का र भिचुक गाउँमा उत्तीस, चिलाउने, कटुस, काफल, ओखर, लालीगुराँस, पयूं जस्ता बनस्पतीहरु पाइन्छन् । यस गाउँको स्वामीत्वमा रहेको जंगलमा मृग, बाघ, भालु, बन कुखुरा, कालिज, स्याल, लोखर्के, काग जस्ता पशुपंछी पाइन्छन् । यहाँका मानिसहरुले पाल्ने घरपालुला पशुपंछीहरुमा गाई, भैंसी, गोरु, कुखुरा, बाखा, बिरालो, कुकुर, परेवा आदि हुन् ।

## ४.४. जनसंख्याको स्थिति

तोल्का र भिचुक गाउँमा गरुङ्गको अतिरिक्त मगर, ब्राह्मण, क्षेत्री, कामी, सार्की लगाएत अन्य जातिहरु बसोबास गर्दछन् । यस गाउँको जम्मा जनसंख्या ५४८ रहेको छ भने भिचुक गाउँको २७० रहेका छ ।

## ४.५. खानेपानी

तोल्का र भिचुक गाउँमा खानेपानीको राम्रो सुविधा रहेको छ । प्रत्यक घरघरमा धाराको सुविधा रहेको छ । यसका साथै ठाउँ ठाउँमा सार्वजनिक धाराहरु पनि राखिएका छन् ।

## ४.६. धार्मिक अवस्था

तोल्का र भिचुक गाउँमा विभिन्न धर्म मान्ने मानिसहरु रहेका छन् । धर्मका आधारमा यहाँ बसोबास गर्ने अधिकांस मानिसहरु हिन्दु धर्म मान्दछन् । हिन्दु धर्म पछि बौद्ध धर्म र तेश्रो स्थानमा क्रिश्चियन धर्म मान्ने मानिसहरु रहेका छन् ।

## ४.७. शैक्षिक अवस्था

यस तोल्का गाउँमा एउटा माध्यमिक विद्यालय रहेकोले यहाँका नयाँ पिडिहरु लगभग सबै शिक्षित छन् । त्यस्तै अशिक्षित व्यक्तिहरुलाई पनि समय समयमा प्रौढ शिक्षाको माध्यमबाट शिक्षा दिइन्छ । त्यस्तै यहाँका युवा युवतीहरु कलेज अध्ययनका लागि शहरमा आएर पढ्दछन् ।
भने भिचुक गाउँमा एउटा प्राथमिक विद्यालय मात्र रहेकोले माध्यमिक शिक्षाको लागि प्राय तोल्का आउने गर्दछन् साथै कोहि माध्यमिक तथा कलेज अध्यनका लागि शहर आउने गर्दछन् ।

## ४.८. सरकारी सेवा सुविधा

यस तोल्का गाउँमा एउटा सरकारी माध्यमिक विद्यालय रहेको छ । जसको ना श्री हिमालय माध्यमिक विद्यालय हो । यहा एउटा स्वास्थ्य चौकी पनि रहेको छ । जसले गर्दा यहाँका मानिसहरुलाई सामान्य विरामी तथा चोट पर्दा सजिलो भएको छ । त्यस्तै यस तोल्का गाउँमा बिजुलीको सुविधा रहेको छ । धेरैजसोको घरमा रेडीयो, टेलिभिजन, कम्प्युटर, नमस्ते, एनसेल, सि डी एम ए जस्ता संचारका सबै सुविधा छन् । केहिको भरमा इन्टरनेटको पनि सुविधा छ । समग्रमा यहाँको स्थिति राम्रो छ । भने भिचुक गाउँमा एउटा सरकारी प्राथमिक विद्यालय रहेको छ ।छिमेकी गाउँ भएको हुन्दा भिचुक गाउँका मानिसहरु सामान्य बिरामी पर्दा तोल्का गाउँको स्वास्थ्य चौकीमा आउने गर्दछन् ।

# अध्याय पाँच

## आर्थिक अवस्था

कुनै पनि मुलुकको विकसको लागि अर्थतन्त्रले महत्वपूर्ण भूमिका हुन्छ । कुनै पनि योजना चाले त्यो सामाजिक, धार्मिक, शैक्षिक,निर्माणत्मक किन नहोस त्यस्को कायान्वयनको लागि अर्थतन्त्र वा आर्थिक संरचनाले महत्वपूण भामका खेलिरहेको हुन्छ । त्यसैले भनिन्छ, अर्थतन्त्र नै विकासको मेरुदण्ड हो । आर्थिक अवस्थाले जीवनको मार्ग दर्शनलाई अगाडी बडाउछ । कनै पनि व्यक्तिहरूको जीवनस्तर उटाउनका लागी पुजिले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । आर्थिक अवस्थालाई बढाउन आधुनिक खेती प्रणाली आधुनिक पशुपालन व्यवसाय, व्यापारव्यासाय सरकारी जागिर, पेन्सन, मजदुरि, बैदेशिका रोजगार, उद्योगधन्दा कलकारखानामा जागिर, विभिन्न संघ संस्थाहरूमा जागिर आदि हुन । जसबाट उनीहरूको आय स्तरमा वृद्धि हुन पुग्दछ । देशको आर्थिक वृद्धिदर अगाडि वढ्दछ। आर्थिक कारणबाट नै उनीहरूका साना परिवारको हरेक अवस्था, शिक्षा, स्वास्थ्य, रोजगारी आदि पक्षमा प्रभाव पार्दछ।

गुरुङ जातिले आफ्नै किसिमको जीवन निर्वाह गर्नु र आफ्ना आवश्यकतासंग मुक्राविला गर्नको निमित्त आफ्नै किसिमको आर्थिक पद्धतिलाई अंगालेको पाइन्छ । यस स्थानमा बस्ने गुरुङहरुको प्रमुख आय श्रोतहरु कृषि, व्यापार र जागिर हुन् । वहुसंख्यक मानिसहरू कृषिमा आधरित छन । सिमित जग्गा र प्रतिदिन बन्ने घर निर्मानले बहेको कृषियोग्य जमिनमा ह्रास हुँदै आएको छ । छोरछोरिलाई पढाउन र अन्य सामाजिक सन्स्कारहरुको कारणले गर्दा ठूलो खर्च चाहिने हुँदा अहिलेको अवस्थामा कृषि पेशाले मात्र नपुगने हँदा व्यापार वा जागिरमा लागेका छन् । यसरी नयाँ पुस्ता युवाहरू पुख्यौली पेशा छाडेर ब्यापार वा बैदेसिक रोजगरि, जागिर तिर बढी आकर्षित भएको देखिन्छ । कसैकसैले भैंसी पालन गरी दुध बेचेर पनि आफ्नो जिवन निर्वाह गरेको पाइन्छ । कसैले कुखुरा पालन गरेर जीवन निर्वाह गरेको पाइयो । साथै महिलाहरु रक्सी पारेर बेचने,ढाका बुन्ने, सुकुल बुन्ने, बत्ती कतने, मोज, सुइटर टोपी बुन्ने गरेको पाइन्छ । यसले गर्दा फुर्सद्को समय सदुपयोग पनि हुने अलि पैसा पनि हुने । यसरि यहाँका मनिसहरुले आफ्नो जिवन निर्वाह गरिरहेका छन ।

## ५.१ प्रमुख पेशा

यस अध्ययनमा व्यक्तिको पेशा एक महत्वपूर्ण पक्षको रूपमा देखा पर्दछ । यसले पारिवारिक आर्थिक अबस्थाको सुनिश्चित गर्दछ । पेशा अनुसारको परिवारको समाजमा स्थान र त्यसै अनुसार्का कार्यर्क्म र योजना बन्दछ । परिवार एव ब्यक्तिको लागी पेशा एक आधार हो । पेशा अनुसार नै व्यक्तिको व्यक्तित्वलाई पहिचान गराउछ । तोलका र भिचुक गाउँका गुरुङ जातिको मुख्य पेशाका रुपमा खेती जस्तो देखिए पनि आम्दानिको रुपमा ब्यापार, नोकारी, पसुपालन, वैदेशिक रोजगारमा जानु आदि प्रमुख पेशा छन । यहाका अधिकाश मानिस खेती गर्छन । पुराना पुस्ता खेतीपातीमा लागेको देखिन्छ भने नया पुस्ता जागिर, व्यापर, शिक्षण आदितिर लागेको देखिन्छ । तोल्का गाउँका गुरुङहरुको २० घरका प्रतिनिधि सबै मानिसलाई नमुनाको रूपमा छनौट गरि तपाईको मुख्य पेशा के हो भनिएको थियो । जसलाई तालिकामा देखाइएको छ ।

**तालिका नं. १ : पेशाका आधारमा उत्तरदाताको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| पेशा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषी | ७ | ३५ | ५ | ३३.३३ | १२ | ३४.२९ |
| नोकरी | २ | १० | २ | १३.३३ | ४ | ११.४३ |
| वैदेशिक रोजगारी | ३ | १५ | ४ | २६.६७ | ७ | २०.०० |
| भैंसीपालन | २ | १० | २ | १३.३३ | ४ | ११.४३ |
| ब्यापार | ६ | ३० | २ | १३.३३ | ८ | २२.८६ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोत: स्थलगत सर्भक्षण २०७३

माथिको तालिका अनुसार तोल्काका गुरुङ्गहरुको मुख्य पेशा कृषी गर्ने ३५ प्रतिशत छ भने त्यस बाहेक अन्य पनि गर्ने गरेको देखियो । मुख्य पेशा अरु भएकामा (जागिर गर्ने १० प्रतिशत) रहेछन् भने वैदेसिक रोजगारिमा जाने १५ प्रतिशत रहेछन् । त्यस्तै भैंसीपालनमा पनि १० प्रतिशत पाइयो । ब्यापार ब्यवसाय गर्ने ३० प्रतिशत पाइयो । यसबाट के देखन सकिन्छ भने अधिकांश

मनिसको मुख्य पेशा कृषी हुँदा हुँदै पनि कृषिले मात्र वर्षभरी खान नपुग्नाले यसको अलावा अरु कामहरु गर्ने गरेको र त्यसबाट आफ्नो जिविकोपार्जन गर्ने गरेको पाइयो । प्रत्यकको घरमा कुखुरा पाल्ने गरेको पाइयो ।यसले गर्दा आफुले खाएको खाना बचेको नास नहुने, उनिहरुबाट प्राप्त अन्डा मासु आदिलाई प्रयोग गर्नु पनि हुने र बांकी बचेको आम्दानी पनि हुने । जस्ले गर्दा आफ्नो जिवन निर्वाह हुने गरेको उनिहरु बताउछन ।

भिचुकका गुरुङ्गहरुको मुख्य पेशा कृषी गर्ने ३३.३३ प्रतिशत छ भने त्यस बाहेक अन्य पनि गर्ने गरेको देखियो । मुख्य पेशा अरु भएकामा (जागिर गर्ने १३.३३ प्रतिशत ) रहेछन् भने वैदेसिक रोजगारिमा जाने २६.६७ प्रतिशत रहेछन् । त्यस्तै भैंसीपालनमा पनि १३.३३ प्रतिशत पाइयो । ब्यापार ब्यवसाय गर्ने १३.३३ प्रतिशत पाइयो । यसबाट के देखन सकिन्छ भने अधिकांश मनिसको मुख्य पेशा कृषी हुँदा हुँदै पनि कृषिले मात्र वर्षभरी खान नपुग्नाले यसको अलावा अरु कामहरु गर्ने गरेको र त्यसबाट आफ्नो जिविकोपार्जन गर्ने गरेको पाइयो । प्रत्यकको घरमा कुखुरा पाल्ने गरेको पाइयो । यसले गर्दा आफुले खाएको खाना बचेको नास नहुने, उनिहरुबाट प्राप्त अन्डा मासु आदिलाई प्रयोग गर्नु पनि हुने र बांकी बचेको आम्दानी पनि हुने । जस्ले गर्दा आफ्नो जिवन निर्वाह हुने गरेको उनिहरु बताउछन ।

माथिको तालिका अनुसार तोल्का र भिचुक गाउँमा सबै भन्दा बढी ३४.२९ प्रतिशत कृषि पेशामा आवद्दता रहेको पाइयो भने नोकरी र भैन्सिपालानामा सबैभन्दा कम ११.४३ प्रतिशत आवद्दता रहेको पाइयो ।

## ५.२ जमिनको स्वामित्य

कृषी क्षेत्रको महत्वपूर्ण आधर नै भुस्वामित्व हो । जसमा जमिन वा भुस्वामित्वको आधारको नै उनिहरुको अचल सम्पत्तिको लेखा गर्न सकिन्छ। उत्पादनको हिसाबले उत्पादनशिल भएको ठांउमा त्यस जमिनको उत्पदन्बाट आय आर्जनमा विध्दी हुन्छ । अध्ययन क्षेत्रको जमिन उत्पादनको हिसाबले उर्वरायुक्त नै छ । कृषी पेशालाई नै मुख्य रुपमा अंगाल्दै आएका यस अध्ययन क्षेत्रका गुरुङ जातिलाई कृषी उत्पादनले मात्र बर्षभरी खान पुग्दैन । खाधान्न र नगदेवाली यहाँका प्रमुख

२ बाली छन । क्खाधान्न बालिमा धान, मकै, कोदो आदी छन । खाधान्न र नगदेवालिमा तरकारी खेतिलाई नै यहाँका बासिन्दाले प्रमुख स्रोत बनाएका छन । आफुले उत्पादन गर्ने खाधान्नबाट बर्षभरी नै खान पुगने परिवारको संख्या ज्यादै न्युन छ । बहिरबाट केहि मात्रमा खाधान्न किन्नु परे पनि आफ्नो उत्पादनले केहि हदसम्म रहत दिएको स्थनिय बासी बताउंछन । थोरै जग्गामा पनि धेरै उब्जनी हुनाले र कुनै समय पनि जग्गा खाली नहुनाले कृषिबाट धेरै मात्रमा राहत पुगेको स्थानिय बसी बताउछन । जसमा अध्यायन क्षेत्रको भुस्वामित्व निम्नानुसर रहेको छ ।

**तालिका नं. २ : उत्तरदाताको भुस्वामित्वको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| भुस्वामित्व | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | संख्या | प्रतिशत |
| १ रोपनि | २ | १० | १ | ६.६७ | ३ | ८.५७ |
| २ रोपनि | ३ | १५ | २ | १३.३३ | ५ | १४.२९ |
| ३ रोपनि | ६ | ३० | ४ | २६.६७ | १० | २८.५७ |
| ४ रोपनि | ७ | ३५ | ५ | ३३.३३ | १२ | ३४.२९ |
| ५ रोपनि | २ | १० | ३ | २० | ५ | १४.२९ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोत: स्थलगत सर्भेक्षण २०७३

माथि उल्लेखित तालिका अनुसार तोल्काका गुरुङ्गहरु मध्धे १० प्रतिशतको १ रोपनी जग्गा छ । १५ प्रतिशतको २ रोपनी जग्गा छ । त्यस्तै ३० प्रतिशत को ३ रोपनी र ३५ प्रतिशतको ४ रोपनी जग्गा रहेको छ भने १० प्रतिशतको ५ रोपनी जग्गा रहेको छ । जहाँ १ रोपनी जग्गा हुनेको थोरै परिवार संख्या भएकोलाई ३ महिना खान पुग्छ भने २ रोपनी हुनेलाई पनि ३ महिनासम्म खान पुग्छ । त्यस्तै ३,४ रोपनी हुनेलाई सानो परिवार भए ९ महिना ठुलो हुनेलाई ६ महिना खान पुग्ने गरेको उनिहरु बताए । ५ रोपनी हुनेले बर्ष भरी खान पुग्ने बताए ।

त्यस्त भिचुकका गुरुङ्गहरु मध्धे ६.६७ प्रतिशतको १ रोपनी जग्गा छ। १३.३३ प्रतिशतको २ रोपनी जग्गा छ । त्यस्तै २६.६७ प्रतिशतको ३ रोपनी र ३३.३३ प्रतिशतको ४ रोपनी जग्गा रहेको छ भने २० प्रतिशतको ५ रोपनी जग्गा रहेको छ। जहाँ १ रोपनी जग्गा हुनेको थोरै परिवार संख्या भएकोलाई ३ महिना खान पुग्छ भने २ रोपनी हुनेलाई पनि ३ महिनासम्म खान पुग्छ । त्यस्तै ३,४ रोपनी हुनेलाई सानो परिवार भए ९ महिना ठुलो हुनेलाई ६ महिना खान पुग्ने गरेको उनिहरु बताए। ५ रोपनी हुनेले बर्ष भरी खान पुग्ने बताए।

माथिको तालिका अनुसार तोल्का र भिचुक गाउँमा ४ रोपनी भन्दा बढी जग्गा हुने ३४.२९ प्रतिशत छन भने १ रोपनी भन्दा कम हुने ८.५७ प्रतिशत रहेका छन्।

## ५.३ आम्दानी

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने गुरुङ्ग जातिहरुको आम्दानीको श्रोतमा कृषि उत्पादन, ब्यापार व्यवसाय, शिक्षण, भैंसी पालन, कुखुरा पालन, बैदेसिक रोजगार, नोकरी, भाङ्गा बुन्ने आदि रहेकाछन । तरकारी उत्पादन गरि बिक्रि वितरण गर्ने दुध बेच्ने गरेर आफ्नो जीविकोपार्जन गरेको पनि देखियो। महिलाले घरको काम, खेतिवारिको काम गर्ने, पुरुषले अरु काम गर्ने गरेको देखियो । यसरि गरेको आम्दानी मध्यबाट शिक्षा, स्वास्थ्य, खाना, कपडा, गर गहना, आधारभूत आवश्यकता पुरा गरिन्छ । जसमा उनीहरुको वार्षिक आम्दानीको विवरण तल प्रस्तुत गरिएको छ।

**तालिका नं. ३ : उत्तरदाताको वार्षिक आम्दानी विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| बार्षिक आम्दानी | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| ५० हजार सम्म | २ | १० | २ | १३.३३ | ४ | ११.४३ |
| १ लाख सम्म | २ | १० | ३ | २० | ५ | १४.२९ |
| १ लाख ५० हजार सम्म | ६ | ३० | ४ | २६.६७ | १० | २८.५७ |
| २ लाख सम्म | ५ | २५ | ३ | २० | ८ | २२.८६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ लाख देखि माथि | ५ | २५ | ३ | २० | ८ | २२.८६ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोत: स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार तोल्काका गुरुङ्गहरु मध्धे १० प्रतीशतको बार्षिक आम्दानि ५० हजारसम्म छ। जसलाई आधारभुत आवश्यक पुरा गर्न धौ धौ छ। प्रतीशतको बार्षिक आम्दानि १ लाख सम्म छ। उनीहरुलाई आवश्यकता परिपूर्तिको लागि सामान्य रहेको छ। कहिलेकाहिँ पुगी पनि हाल्छ, कहिलेकाँही पुग्दैन। ३० प्रतीशत मानिसहरुले आफ्ना आवस्यकता पुरा गर्न सजिलो छ भन्ने बताए। खान लाउन पुगेको बताए। २५ प्रतीशतले आवश्यकता पुरा गरि अलि अलि बचत हुने बताए त्यस्तै २५ प्रतीशतको आम्दानी अनुसार खर्च पनि छ। छोरा छोरिलाइ पढाउन, खान लगाउन पुगेर अलि अलि बचत पनि गरेको बताए। यसबाट के निस्कर्ष निकाल्न सकिन्छ भने आम्दानीको श्रोत र आम्दानी भएता पनि आवस्यकता परिपूर्तिमा खर्च हुने र थोरै घर धुरीले मात्र बचत गरेको बताए।

माथिको तालिका अनुसार भिचुकका गुरुङ्गहरु मध्धे १३.३३ प्रतीशतको बार्षिक आम्दानि ५० हजारसम्म छ। जसलाई आधारभुत आवश्यक पुरा गर्न धौ धौ छ। २० प्रतीशतको बार्षिक आम्दानि १ लाख सम्म छ। उनीहरुलाई आवश्यकता परिपूर्तिको लागि सामान्य रहेको छ। कहिलेकाहिँ पुगी पनि हाल्छा, कहिलेकाँही पुग्दैन। २६.६७ प्रतीशत मानिसहरुले आफ्ना आवस्यकता पुरा गर्न सजिलो छ भन्ने बताए। खान लाउन पुगेको बताए। २० प्रतीशतले आवश्यकता पुरा गरि अलि अलि बचत हुने बताए त्यस्तै २० प्रतीशतको आम्दानी अनुसार खर्च पनि छ। छोरा छोरिलाइ पढाउन, खान लगाउन पुगेर अलि अलि बचत पनि गरेको बताए। यसबाट के निस्कर्ष निकाल्न सकिन्छ भने आम्दानीको श्रोत र आम्दानी भएता पनि आवस्यकता परिपूर्तिमा खर्च हुने र थोरै घर धुरीले मात्र बचत गरेको बताए।

माथिको तालिका अनुसार तोल्का र भिचुक गाउँको कुल आम्दानीलाई हेर्दा वार्षिक रुपमा सबैभन्दा बढी २८.५७ प्रतिशतले १ लाख ५० हजार सम्म आम्दानी गरेको पाइयो भने सबै भन्दा कम ११.४३ प्रतिशतले ५० हजार सम्म आम्दानी गर्ने गरेको पाइयो ।

## ५.४ खर्च

कुनै पनि व्यक्तिले खर्चको योजना बनाउदा आफ्नो आम्दानीलाई आधार मानेर बनाउने गर्दछ तर सबै अवस्थामा आम्दानी अनुसारको खर्च हुँदैन । कति पय खर्चहरु ऋण लिने अवस्था सम्म आइ लाग्दछन र खर्च गर्नु पर्ने बाध्यता देखिन्छ । आम्दानीले नै क्रियाशक्तिको निर्धारण गर्दछ । अध्ययन क्षेत्रहरुको गुरुङ जातिको आम्दानीको श्रोतको रुपमा कृषि व्यवसाय, नोकरी, पशुपालन, ब्यापार, बैदेशिक रोजगार आदि रहेका छन् । बिगतको इतिहासलाई हेर्दा उनीहरुको आम्दानीको प्रमुख श्रोत कृषि नै हो । तर आफ्नो पुर्खेउली पेशा भएकोले त्यसलाई जीवन्तता राख्नको लागि पनि कृषि पेशालाई छोड्न नसकेको अरु काम गरे पनि कृषिलाई नछोड्ने उनीहरु बताउछन । खेतबारीमा काम गर्नाले हामि स्वास्थ्य रहन मद्दत मिल्दछ भन्ने कुरा उनीहरु बताउँछन् । उनीहरुले गरेको आम्दानी खाध्यान्न, लत्ता कपडा, औसधि उपचार, शिक्षा, मनोरन्जन, धार्मिक कार्य आदिमा खर्च गर्ने गरेको बताए, जसलाई तालिकामा देखाइएको छ ।

### ५.४.१ खाध्यान्न खरिदमा खर्च

**तालिका नं. ४ : उत्तरदाताको खाध्यान्न खर्चको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| खर्च हजारमा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २० हजार | २ | १० | २ | १३.३३ | ४ | ११.४३ |
| २१ -४० हजार | ३ | १५ | २ | १३.३३ | ५ | १४.२९ |
| ४१-६० हजार | ५ | २५ | ४ | २६.६७ | ९ | २५.७१ |
| ६१-८० हजार | ४ | २० | २ | १३.३३ | ६ | १७.१४ |
| ८१ हजार भन्दा माथि | ६ | ३० | ५ | ३३.३३३ | ११ | ३१.४३ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भेक्षण २०७३

माथिको तालिका अनुसार तोल्काका गुरुङ्गमा, जसको आफ्नो उत्पादनको अन्नले खाना पुग्छ उनीहरुले तेल, नुन, चिनी, दाल, तरकारी आदि किन्नमा १० प्रतिशतले अर्थात २० हजार खर्च गर्दछन । १५ प्रतिशतले २१-४० हजार खर्च गर्दछन त्यस्तै २५ प्रतिशतले ४०-६० हजारसम्म वार्षिक खर्च गर्दछन । त्यस्तै २० प्रतिशतले ६१-८० हजारसम्म गर्दछन र ३० प्रतिशतले वार्षिक ८० हजार भन्दा माथि खर्च गर्ने गरेको बताए । जसको घरमा धेरै परिवार छ उनीहरुको ३ महिनामात्र खान पुग्ने धेरै जना एउटा परिवारमा बस्ने गरेकाले बढी खर्च हुने गरेको देखियो ।

त्यस्तै भिचुकका गुरुङ्गहरुमा, जसको आफ्नो उत्पादनको अन्नले खाना पुग्छ उनीहरुले तेल, नुन, चिनी, दाल, तरकारी आदि किन्नमा १३.३३ प्रतिशतले अर्थात २० हजार खर्च गर्दछन । १३.३३ प्रतिशतले २१-४० हजार खर्च गर्दछन त्यस्तै २६.६७ प्रतिशतले ४०-६० हजारसम्म वार्षिक खर्च गर्दछन । त्यस्तै १३.३३ प्रतिशतले ६१-८० हजारसम्म गर्दछन र ३३.३३ प्रतिशतले वार्षिक ८० हजार भन्दा माथि खर्च गर्ने गरेको बताए । जसको घरमा धेरै परिवार छ उनीहरुको ३ महिनामात्र खान पुग्ने धेरै जना एउटा परिवारमा बस्ने गरेकाले बढी खर्च हुने गरेको देखियो ।

माथिको तालिकाअनुसार तोल्का र भिचुक गाउँमा खाध्यान्नमा सबै भन्दा बढी ८१ हजार सम्म खर्च गर्ने ३१.४३ प्रतिशत रहेका छन् भने सबै भन्दा कम २० हजार सम्म खर्च गर्ने ११.४३ प्रतिशत रहेका छन् ।

### ५.४.२ लत्ताकपडा

**तालिका नं. ५ : उत्तरदाताको लत्ताकपडामा हुने खर्चको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| खर्च हजारमा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५ हजार | २ | १० | १ | ६.६७ | ३ | ८.५७ |
| ५-८ हजार | ३ | १५ | २ | १३.३३ | ५ | १४.२९ |
| ८-१२ हजार | ८ | ४० | ६ | ४० | १४ | ४०.०० |
| १५ हजार | ७ | ३५ | ६ | ४० | १३ | ३७.१४ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भक्षण २०७३

तोल्काका गुरुङ्गहरुको सवालमा वार्षिक ५ हजार खर्च गर्ने १० प्रतिशत र १५ प्रतिशतले ५-८ हजार सम्म खर्च गर्ने गरेको त्यस्तै ४० प्रतिशतले ८-१२ हजारसम्म खर्च गर्ने गरेका र ३५ प्रतिशतले १५ हजारसम्म खर्च गर्ने गरेको पाइयो । जसमा ५-८ हजार सम्म खर्च गर्नेको संख्या बढी पाइयो । धेरै परिवार संख्या हुने र अलि आम्दानी हुनेले अलि धेरै खर्च गर्ने गरेको र थोरै परिवार हुने, आम्दानी कम हुनेले थोरै खर्च गरेको पाइयो ।

माथिको तालिका अनुसार भिचुकका गुरुङ्गहरुको सवालमा  वार्षिक ५ हजार खर्च गर्ने ६.६७ प्रतिशत र १३.३३ प्रतिशतले ५-८ हजार सम्म खर्च गर्ने गरेको त्यस्तै ४० प्रतिशतले ८-१२ हजारसम्म खर्च गर्ने गरेका र ४० प्रतिशतले १५ हजारसम्म खर्च गर्ने गरेको पाइयो । जसमा ५-८ हजार सम्म खर्च गर्नेको संख्या बढी पाइयो । धेरै परिवार संख्या हुने र अलि आम्दानी हुनेले अलि धेरै खर्च गर्ने गरेको र थोरै परिवार हुने, आम्दानी कम हुनेले थोरै खर्च गरेको पाइयो ।

माथिको तालिका अनुसार तोल्का र भिचुक गाउँमा लात्ताकपडामा सबैभन्दा बढी ८ देखि १२ हजार सम्म खर्च गर्ने ४० प्रतिशत रहेका छन् भने सबै भन्दा कम ५ हजार सम्म खर्च गर्ने ८.५७ प्रतिशत रहेका छन्  ।

### ५.४.३ औषधि उपचार

**तालिका नं. ६ : औषधि हुने खर्चको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| औषधि खर्चको रकम | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| ३ हजार | ६ | ३० | ५ | ३३.३३ | ११ | ३१.४३ |
| ४-६ हजार | ५ | २५ | २ | १३.३३ | ७ | २०.०० |
| ७-१० हजार | ४ | २० | ४ | २६.६७ | ८ | २२.८६ |
| ११ हजार | ५ | २५ | ४ | २६.६७ | ९ | २५.७१ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भेक्षण २०७३

माथिको तथ्यांक अनुसार तोल्काका गुरुङ्गहरुको सन्दर्भमा औषधि उपचारमा ३० प्रतिशतले ३ हजारसम्म २५ प्रतिशतले ४-६ हजारसम्म र २० प्रतिशतले ७-१० हजारसम्म र २५ प्रतिशतले ११ हजार माथि गरेको पाइयो । उनीहरुको भनाइ अनुसार त्यति धेरै गम्भिर प्रकृतिका रोगहरु नलागेको र सामान्य ज्वरो, रुघाखोकी, टाउको दुखने, प्रेसर जस्ता रोगमात्र लागेको बताए ।

त्यस्तै भिचुकका गुरुङ्गहरुको सन्दर्भमा औषधि उपचारमा ३३.३३ प्रतिशतले ३ हजारसम्म १३.३३ प्रतिशतले ४-६ हजारसम्म र २६.६७ प्रतिशतले ७-१० हजारसम्म र २६.६७ प्रतिशतले ११ हजार माथि गरेको पाइयो । उनीहरुको भनाइ अनुसार त्यति धेरै गम्भिर प्रकृतिका रोगहरु नलागेको र सामान्य ज्वरो, रुघाखोकी, टाउको दुखने, प्रेसर जस्ता रोगमात्र लागेको बताए ।

माथिको तालिका अनुसार तोल्का र भिचुक गाउँमा औषधि उपचारमा ३ हजार सम्म खर्च गर्ने सबै भन्दा बढी ३१.४३ प्रतिशत रहेका छन् भने ४ देखि ६ हजार सम्म खर्च गर्ने सबै भन्दा कम २० प्रतिशत रहेका छन् ।

### ५.४.४ शिक्षामा खर्च

**तालिका नं. ७ : उत्तरदाताको शिक्षामा हुने खर्चको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| खर्चको रकम | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १० हजार | २ | १० | २ | १३.३३ | ४ | ११.४३ |
| २० हजार | ४ | २० | २ | १३.३३ | ६ | १७.१४ |
| ३० हजार | ७ | ३५ | ५ | ३३.३३ | १२ | ३४.२९ |
| ४० हजार | ७ | ३५ | ६ | ४० | १३ | ३७.१४ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोत: स्थलगत सर्भक्षण २०७३

माथिको तालिका अनुसार तोल्काका गुरुङ्गहरु,१० प्रतिशतले १० हजार, २० प्रतिशतले २० हजार , ३५ प्रतिशतले ३० हजार र ३५ प्रतिशतले ४० हजार माथि खर्च गरेको देखिन्छ । यसमा कसै कसैको बच्चाहरुमात्र सरकारी स्कुल, त्यो पनि पढ्न पनि नसकेर फेल भएको भई राखेकोलाई सरकारीमा हाल्ने गरेको अरु अधिकांशलाई निजि बोर्डिंगमा राख्ने गरेको पाइयो । त्यसैले शिक्षामा अलि बढी खर्च गरेको पाइयो । जसमा १०२ उच्च शिक्षा पढ्नेहरूको बढी खर्च रहेको पाइयो ।

माथिको तालिका अनुसार भिचुकका गुरुङ्गहरु १३.३३ प्रतिशतले १० हजार, १३.३३ प्रतिशतले २० हजार , ३३.३३ प्रतिशतले ३० हजार र ४० प्रतिशतले ४० हजार माथि खर्च गरेको देखिन्छ ।

यसमा कसै कसैको बच्चाहरुमात्र सरकारी स्कुल, त्यो पनि पढ्न पनि नसकेर फेल भएको भई राखेकोलाई सरकारीमा हाल्ने गरेको अरु अधिकांशलाई निजि बोर्डिंगमा राख्ने गरेको पाइयो । त्यसैले शिक्षामा अलि बढी खर्च गरेको पाइयो । जसमा १०+२ , उच्च शिक्षा पढ्नेहरूको बढी खर्च रहेको पाइयो ।

माथिको तालिका अनुसार तोल्का र भिचुक गाउँमा शिक्षामा सबै भन्दा बढी ४० हजार सम्म खर्च गर्ने ३७.१४ प्रतिशत रहेका छन् भने सबै भन्दा कम १० हजार सम्म खर्च गर्ने ११.४३ प्रतिशत रहेका छन् ।

**५.४.५ मनोरन्जन**

**तालिका नं. ८ : उत्तरदाताको मनोरन्जनमा हुने खर्चको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| खर्चको रकम | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५ हजार | २ | १० | २ | १३.३३ | ४ | ११.४३ |
| १० हजार | ७ | ३५ | ६ | ४० | १३ | ३७.१४ |
| १५ हजार | ६ | ३० | ३ | २० | ९ | २५.७१ |
| २० हजार माथि | ५ | २५ | ४ | २६.६७ | ९ | २५.७१ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भेक्षण २०७३

माथिको तालिकानुसार तोल्काका गुरुङ्गहरुले मनोरन्जनमा मुख्य रुपमा विभिन्न चाडपर्व, विवाह, संस्कार, बर्तबन्ध, जन्म, मृत्यु संस्कारमा खर्च गर्ने गर्दछन । जसमा १० प्रतिशतले ५ हजार, ३५ प्रतिशतले १० हजारसम्म त्यस्तै ३० प्रतिशतले १५ हजार र २५ प्रतिशतले २०ं माथि खर्च गर्ने गरेको पाइयो ।

माथिको तालिकानुसार भिचुकका गुरुङ्गहरुले मनोरन्जनमा मुख्य रुपमा विभिन्न चाडपर्व, विवाह, संस्कार, बर्तबन्ध, जन्म, मृत्यु संस्कारमा खर्च गर्ने गर्दछन । जसमा १३.३३ प्रतिशतले ५ हजार,

४० प्रतिशतले १० हजारसम्म त्यस्तै २० प्रतिशतले १५ हजार र २६.६७ प्रतिशतले २०ं माथि खर्च गर्ने गरेको पाइयो ।

माथिको तालिका अनुसार तोल्का र भिचुक गाउँमा मनोरन्जनमा सबै भन्दा बढी १० हजार सम्म खर्च गर्ने ३७.१४ प्रतीशत रहेको पाइयो भने सबै भन्दा कम ५ हजार सम्म खर्च गर्ने ११.४३ प्रतिशत रहेको छ ।

### ५.४.६ धार्मिक कार्यमा गरिने खर्च

**तालिका नं. ९ : उत्तरदाताको धार्मिक कार्यमा हुने खर्चको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| खर्चको रकम | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५ हजार | ५ | २५ | २ | १३.३३ | ७ | २०.०० |
| १० हजार | ७ | ३५ | ६ | ४० | १३ | ३७.१४ |
| १५ हजार | ५ | २५ | ४ | २६.६७ | ९ | २५.७१ |
| २० हजार माथि | ३ | १५ | ३ | २० | ६ | १७.१४ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भक्षण २०७३

माथिको तालिका अनुसार तोल्काका गुरुङ्गहरुले विभिन्न संस्कारहरु चाडपर्व, दशै, तिहार, ल्होसार, बुध्दजयान्ति जस्ता विभिन्न धार्मिक संस्कारहरुमा खर्च गर्ने गरेको पाइयो । यसका अलावा कुनै कुनै मानिसहरु तिर्थ जाने, विभिन्न पूजा आजा गर्ने गरेको पाइयो । जसमा २५ प्रतिशतले ५ हजारसम्म खर्च गर्ने गरेको, ३५ प्रतिशतले १० हजारसम्म खर्च गर्ने गरेको, २५ प्रतिशतले २० हजारसम्म गर्ने गरेको र १५ प्रतिशतले ३०˙ माथि गर्ने गरेको पाइयो । जसमा धेरै परिवारले १० हजारसम्म खर्च गर्ने गरेको पाइयो ।

माथिको तालिका अनुसार भिचुकका गुरुङ्गहरुले विभिन्न संस्कारहरु चाडपर्व, दशै, तिहार, ल्होसार, बुध्दजयान्ति जस्ता विभिन्न धार्मिक संस्कारहरुमा खर्च गर्ने गरेको पाइयो । यसका अलावा कुनै कुनै मानिसहरु तिर्थ जाने, विभिन्न पूजा आजा गर्ने गरेको पाइयो । जसमा १३.३३ प्रतिशतले ५ हजारसम्म खर्च गर्ने गरेको, ४० प्रतिशतले १० हजारसम्म खर्च गर्ने गरेको, २६.६७ प्रतिशतले २० हजारसम्म गर्ने गरेको र २० प्रतिशतले ३०˙ माथि गर्ने गरेको पाइयो । जसमा धेरै परिवारले १० हजारसम्म खर्च गर्ने गरेको पाइयो ।

माथिको तालिका अनुसार तोल्का र भिचुक गाउँमा धार्मिक कार्यमा सबै भन्दा बढी १० हजार सम्म खर्च गर्ने ३७.१४ प्रतिशत रहेका छन् भने सबै भन्दा कम ५ हजार सम्म खर्च गर्ने २० प्रतिशत रहेका छन् ।

## ५.५ ऋणको अवस्था

मानिसहरुको जीवन निर्वाहको लागि विभिन्न किसिमका आवश्यकताहरु हुन्छन् । त्यस्ता आवश्यकताहरुलाई परिपूर्ति गर्नु पर्ने नै बाध्यता हुन्छ । न्युन बाध्यता पुरा गर्नको लागि आफुले गरेको आम्दानी अपूर्ण हुन सक्छ, त्यसले गर्दा बाध्यताबस ऋण लिनुपर्ने हुन्छ । यी अध्ययन क्षेत्रका गुरुङहरु पनि यसबाट अछुतो रहन सकेका छैनन् । जसमा उनिहरुसंग पनि ऋण लिनुपर्ने विभिन्न किसिमका बाध्यताहरू आई परेका रहेछन । कसैले आफ्नो घर निर्माणका क्रममा ऋण लिएको बताए भने कसैले आफ्नो छोरालाई विदेश पठाउने बेलामा ऋण लिएको बताए । कसैले विवाहामा, कसैले जन्म, मृत्यु, ब्रतबन्ध, धार्मिक काम गर्दा ऋण लिएको बताए । यसरि ऋण लिंदा धेरै जसोले बैंकबाट ऋण लिएको बताए । थौरैले आफन्तबाट लिने गरेको बताए । उत्तरदाता मध्ये झन्डै आधा जातिले ऋण नलिएको बताए ।

**तालिका नं. १० : उत्तरदाताको ऋणको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| संस्थाहरु | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| नलिएको | ९ | ४५ | ७ | ४६.६७ | १६ | ४५.७१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | ७ | ३५ | ४ | २६.६७ | ११ | ३१.४३ |
| आफन्तबाट | ४ | २० | ४ | २६.६७ | ८ | २२.८६ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भेक्षण २०७३

माथिको तालिका अनुसार तोल्काका गुरुङहरुले विभिन्न संस्कारहरु चाडपर्व, विवाह, ब्रतबन्ध आदिमा ऋण लिने साथै बच्चाहरुलाई पढाउँदा अनि विदेसमा जाँदा ऋण लिने बताए । जस अनुसार ४५ प्रतिशतले ऋण नलिने बताए । बैंक तथा वित्तीय संस्थाबाट ३५ प्रतिशतले लिने बताए भने २० प्रतिशतले आफन्तबाट लिने बताए ।

माथिको तालिका अनुसार भिचुकका गुरुङहरुले विभिन्न संस्कारहरु चाडपर्व, विवाह, ब्रतबन्ध आदिमा ऋण लिने साथै बच्चाहरुलाई पढाउँदा अनि विदेसमा जाँदा ऋण लिने बताए । जस अनुसार ४६.६७ प्रतिशतले ऋण नलिने बताए । बैंक तथा वित्तीय संस्थाबाट २६.६७ प्रतिशतले लिने बताए भने २६.६७ प्रतिशतले आफन्तबाट लिने बताए ।

माथिको तालिका अनुसार तोल्का र भिचुक गाउँमा सबै भन्दा बढी ऋण नलिने ४५.७१ प्रतिशत रहेका छन् भने सबै भन्दा कम आफन्तबाट ऋण लिने २२.८६ प्रतीशत रहेका छन् ।

## ५.६ जीविकोपार्जन

गुरुङ जातिको जीविकोपार्जनको मुख्य आधार कृषि नै हो । यसको अलावा विभिन्न संघसंस्थाहरुमा जागिर ब्यापार वैदेसिक रोजगार, ज्याला मजदुरी, पशुपालन, जाँड, र रक्सी उत्पादन, भाङ्गा बुन्ने आदि काम गरेर आफ्नो जिविको पर्जना गरिरहेका छन् । यस क्षेत्रमा माटो ज्यादै मलिलो भएकोले खेतीपाती राम्रो हुने गरेको स्थानीयवासी बताउछन । यहाँका मुख्य बालीमा धान, मकै, र कोदो रहेका छन् भने तरकारीमा साग, काउली, सिमि, बोडी, काँक्रो, बन्दा, लसुन, प्याज आदि रहेका छन् । तरकारी उत्पादन गरि आफुले खाएर बचेको बजारमा ल्याएर बेच्ने र आफ्नो लागि चाहिने सामाना किन्ने गरेको स्थानीयबासी बताउँछन । आफुले उत्पादन गरेको अन्नले बर्षभरी नै खान

नपुग्ने कसैलाई ३ महिनालाई पुग्ने, कसैलाई ६ महिनालाई पुग्ने कसैलाई बर्षभरी नै खान पुग्ने स्थानीयवासी बताउँछन ।

# अध्याय छ

## गुरुङ जातिको आर्थिक पक्षमा आएको परिवर्तन

यस सोधपत्रमा गुरुङ जातिमा आएको आर्थिक परिवर्तनको अध्ययनको लागि कास्की जिल्लाको वडा न. ७ र ८ को तोल्का र भिचुक गाउँको गरि जम्मा ३५ जना उत्तरदाताहरुलाई यस अध्ययनमा समावेश गरि कुराकानी गरिएको छ। साथै अवलोकन विधिबाट पनि तथ्यहरु संकलन गरिएको छ । यस सोधपत्र तयार गर्नको लागि गुरुङ जातिमा आएको आर्थिक परिवर्तनको अध्ययनलाई यस अध्यायमा विस्लेष्ण गरिएको छ ।

### ६.१ पेशा

मानिसको जीवन निर्वाह गर्नको लागि नभई हहुने कुरा हो। पेशाको परिवर्तनले नै समाजमा परिवर्तन ल्याउन सक्छ। अध्ययन क्षेत्रका गुरुङहरुको मुख्य पेशा विगतमा कृषि भएता पनि वर्तमानमा कृषिलाई भन्दा पनि बढी ब्यापार व्यवसाय, जागिर, बैदेशिक रोजगारतिर जोड दिएको पाइयो । त्यस्तै विगतमा कृषि घरपरिवार चलाउनको लागि मात्र गरेको तर वर्तमानमा कृषिबाट पनि ब्यापार व्यवसाय गर्न थालेको उत्तर्दताहरुले बताए। खेतीपाती गर्ने तरिका पनि वर्तमानमा नयाँ तरिकाले गरिने राय धेरै उत्तरदाताहरूले दिए। अध्ययनको क्रममा कृषिको अलावा यहाँका मानिसहरुले कुखुरा पालन, बाखा पालनबाट पनि जिविका, आम्दानी तथा वचत गरेका बताए।

**तालिका नं. ११ : पेशा परिवर्तनको आधारमा उत्तरदाताको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| पेशा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि व्यवसाय | ५ | २५ | ४ | २६.६७ | ९ | २५.७१ |
| नोकरी | ३ | १५ | २ | १३.३३ | ५ | १४.२९ |
| बैदेशिक रोजगार | ५ | २५ | ४ | २६.६७ | ९ | २५.७१ |
| कुखुरा पालन | ३ | १५ | २ | १३.३३ | ५ | १४.२९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ब्यापार | ४ | २० | ३ | २० | ७ | २० |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भक्षण २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका गुरुङहरुले विगतमा कृषि जीवन निर्वाहको लागि मात्र गर्थे भने वर्तमानमा कृषिबाट पनि ब्यापार व्यवसाय गर्न थालेको परिवर्तन पाइयो । जसमा तोल्का र भिचुक गरि कृषि व्यवसाय गर्ने जम्मा २५.७१ प्रतिशत रहेको छ । कसैले कृषिको अलावा पेशा परिवर्तन गरि नोकरितिर लागेको पाइयो । जसानुसार तोल्का र भिचुक गरि जम्मा १४.२९ प्रतिशतले नोकरी गरेको पाइयो । त्यस्तै कोहि स्वदेशी रोजगारले मात्र पुगेन भनेर विदेशी रोजगारतिर पनि लागेको पाइयो । जसमा तोल्का र भिचुकमा गरि २५.७१ प्रतिशत रहेको पाइयो । कसैले विगतमा घरकै लागि २, ४ वटा खुखुरा पाल्थे भने वर्तमानमा कुखुरा फार्म खोलेर व्यवसाय गर्न थालेको पाइयो । जसअनुसार तोल्का र भिचुकमा गरि जम्मा १४.२९ प्रतिशत रहेको छ । त्यस्तै कतिपयले कृषिको अलावा ब्यापार गर्न थालेका छन् । जसमा तोल्का र भिचुकमा गरि जम्मा २० प्रतिशत रहेको पाइयो ।

## ६.२ शिक्षा

आर्थिक पक्षमा प्रभाव पार्ने अर्को महत्वपुर्ण कुरा शिक्षा पनि हो । जब मानिस शिक्षित हुन्छ अनि मात्र आम्दानी गर्न सक्छ । अध्यनका क्रममा अध्ययन क्षेत्रका गुरुङहरुको विगतको तुलनामा साक्षरता दरमा बृदी भएको पाइन्छ । जस्तै विगतको तुलनामा वर्तमानमा यस. यल. सी. परिक्षा उत्तीर्ण गर्ने विधार्थीहरुको संख्या बृदी भएको छ । यहाँका उत्तरदाताहरु भन्छन ' विगतमा लाहुरे हुन कुनै शैक्षिक प्रमाणपत्र चाहिन्दैन्थ्यो तर वर्तमानमा लाहुरे हुनका लागि पनि शैक्षिक प्रमाणपत्र अनिवार्य चाहिन्छ ' । त्यस्तै एक जानाकर व्यक्ति भन्नु हुन्छ " शिक्षाले गर्दा नै आजभोली केहि मात्रामा भने पनि सरकारी कार्यालयमा गुरुङहरुको आवद्दता देखिन थालेको छ । कोहि बुढापाकाहरुले त प्रौढ शिक्षाबाट केहि लेखन र पढ्न सक्ने बताए । साथै आजभोली हरेक क्षेत्रमा शैक्षिक प्रतिस्पर्धा हुने हुँदा प्राय जसले वर्तमानमा छोराछोरीलाई बोर्डिंग स्कुलमा उतरदाताहरु बताउछन । जेहोस आर्थिक पक्षमा परिवर्तन ल्याउने महत्वपूर्ण कुरा मध्ये शिक्षा पनि एक हो ।

**तालिका नं. १२ : शिक्षा परिवर्तनको आधारमा उत्तरदाताको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| शिक्षा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सरकारी विधालय | ५ | २५ | ५ | ३३.३३ | १० | २८.५७ |
| निजि विधालय | १३ | ६५ | ९ | ६० | २२ | ६२.८६ |
| प्रौढ शिक्षा | २ | १० | १ | ६.६७ | ३ | ८.५७ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भक्षण २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका गुरुङहरुले आर्थिक आम्दानी गर्ने मानिस शिक्षित हुनुपर्दो रहेछ भन्ने बुझेर विगतको तुलनामा वर्तमानमा निजि विद्यालय पढ्नेको संख्या बढी पाइयो । तालिका अनुसार तोल्का र भिचुक गरि सरकारी विद्यालय जाने २८.५७ प्रतिशत पाइयो भने निजि विद्यालय जाने बढी अर्थात ६२.८६ प्रतिशत पाइयो । त्यस्तै अनपढ बुढाबुढीहरुले पनि प्रौढ शिक्षा लिएको पाइयो । जसमा तोल्का र भिचुक गरि जम्मा ८.५७ प्रतिशत रहेको पाइयो ।

## ६.३ आम्दानी

अध्ययन क्षेत्रका गुरुङहरु वर्तमानमा कृषिमा भन्दा ब्यापार व्यवसाय, रोजगार, बैदेशिक रोजगारमा बढी जोड दिने हुँदा आम्दानीमा  बृदी भएको बताउछन । एकजना मुख्य जानाकार व्यक्ति भन्छन " कतिपयले गाउँमै कुखुरा पालन बाखा पालन तथा भैसी पालन गरेर आम्दानी तथा बचत गर्ने गर्दछन " । उतारदाताहरुले यो क्षेत्र पर्यटकीय क्षेत्र भएकोले आम्दानीको मुख्य श्रोत होटल व्यवसाय भएको बताए । साथै उत्तरदाताहरु भन्छन विगतमा कृषि काम पनि आफै खानको लागि मात्र गरिन्थ्यो भने वर्तमानमा कृषि कामबाट पनि ब्यापार व्यवसाय गरि आम्दानी गरिन्छ । जेहोस आम्दानी पनि महत्वपूर्ण कुरा हो ।

**तालिका नं. १३ : आम्दानी परिवर्तनको आधारमा उत्तरदाताको विवरण**

| | तोल्का | भिचुक | जम्मा |
|---|---|---|---|

| आम्दानीको श्रोत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि | ५ | २५ | ४ | २६.६७ | ९ | २५.७१ |
| ब्य्यापार | ४ | २० | ३ | २० | ७ | २० |
| रोजगार | ५ | २५ | ४ | २६.६७ | ९ | २५.७१ |
| कुखुरा पालन | ३ | १५ | २ | १३.३३ | ५ | १४.२९ |
| भैंसी पालन | ३ | १५ | २ | १३.३३ | ५ | १४.२९ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भक्षण २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका गुरुङहरुले आम्दानीको लागि कृषिको अलावा अरु ब्यापार व्यवसाय, रोजगार, खुखुरापालन तथा भैसीपालन गरि आम्दानीको श्रोतमा परिवर्तन ल्याएको पाइयो । जसअनुसार तोल्का र भिचुक गरि कृषि गर्ने २५.७१ प्रतिशत पाइयो भने आम्दानीको लागि ब्यापार गर्ने २० प्रतिशत पाइयो । त्यस्तै रोजगारी गर्ने तोल्का र भिचुक गरि जम्मा २५.७१ प्रतिशत पाइयो भने कुखुरा पालनबाट आम्दानी गर्ने जम्मा १४.२९ प्रतिशत पाइयो । साथै भैंसीपालनबाट आम्दानी गर्ने जम्मा १४.२९ प्रतिशत पाइयो ।

## ६.४ खर्च

आर्थिक पक्षमा प्रभाव पार्ने अर्को एक महत्वपूर्ण कुरा खर्च हो । अध्ययन क्षेत्रका उत्तरदाताहरू भन्छन “ सायद आधुनिकिकरण तथा विश्वव्यापीकरणको प्रभावले गर्दा होला हाम्रो लवाईखवाई, धर्मकर्म तथा मनोरन्जन गर्ने तरिकामा पनि आधुनिकता पाइन्छ । अध्ययनको क्रममा विगतमा गुन्यु चोली लगाउने गुरुङ महिलाहरु अहिले कुर्ता सुरुवाल, प्यान्ट टिसर्ट लगाउने पाइयो । जसले गर्दा लात्ताकपदामा पनि खर्च बढेको पाइयो । त्यस्तै विभिन्न चाडपर्व तथा धार्मिक कार्यमा पनि महिलाहरु विगतको तुलनामा अहिले बढी खर्चालु भएको उत्तरदाताहरूले बताए । आधुनिकताले गर्दा होला खाधान्नदेखि मनोरन्जन साथै स्वास्थ्य परिक्षण जस्ता हरेक पक्षमा विगतको तुलनामा वर्तमानमा खर्च बढेको उत्तरदाताहरुले बताए ।

**तालिका नं. १४ : खर्च परिवर्तनको आधारमा उत्तरदाताको विवरण**

| | तोल्का | | भिचुक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| खर्च | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| खाधान्न | ६ | ३० | ५ | ३३.३३ | ११ | ३१.४३ |
| मनोरन्जन | ३ | १५ | १ | ६.६७ | ४ | ११.४३ |
| लत्ताकपडा | ७ | ३५ | ७ | ४६.६७ | १४ | ४० |
| धर्मकर्म | २ | १० | १ | ६.६७ | ३ | ८.५७ |
| स्वास्थ्य | २ | १० | १ | ६.६७ | ३ | ८.५७ |
| | २० | १०० | १५ | १०० | ३५ | १०० |

स्रोतः स्थलगत सर्भक्षण २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका गुरुङहरुमा विश्वव्यापीकरण तथा आधुनिकीकरणले गर्दा खाधान्न, मनोरन्जन, लत्ताकपडा, धर्मकर्म साथै स्वास्थ्य सम्बन्धि खर्चमा पनि निम्न खालको परिवर्तन आएको पाइयो । जसमा ३१.४३ प्रतिशतले खाधान्नमा बढी खर्च गरेको पाइयो भने ११.४३ प्रतिशतले मनोरन्जनमा बढी खर्च गरेको पाइयो । ४० प्रतिशतले लात्ताकपडामा बढी खर्च गरेको पाइयो । त्यस्तै ८.५४ प्रतिशतले धर्मकर्ममा बढी खर्च गरेको पाइयो भने ८.५४ प्रतिशतले स्वास्थ्यमा बढी खर्च गर्ने गरेको पाइयो ।

# अध्याय सात

# सारांश र निस्कर्ष

## ६.१ सारांश

नेपालमा बसोबास गर्ने विभिन्न जात र समुदाय मध्ये गुरुङ जाति पनि एक हो । नेपालका अन्य जातिहरु जस्तै गुरुङ जातिले पनि आफ्नो छुट्टै मूल्य, मान्यता, धर्म, संस्कृति र परम्परागत पेसा

अगाल्दै आएका थिए तर समयको परिवर्तनसगैं आाज आधुनिकीकरण विश्वव्यापीकरण, पश्चिमीकरण, शिक्षा, प्रविधी सुचना तथा सञ्चार माध्यम, बदलिदो सामाजिक मूल्य मान्यता र अन्य जातिसंगको सामाजिक अन्तरक्रियाको कारण गुरुङ जातिको परम्परागत आर्थिक अवस्थामा परिवर्तन भएको छ ।

प्रस्तुत शोधपत्र गुरुङ जातिको आर्थिक अवस्था सम्बन्धि कास्की जिल्लाको लुम्ले गा.वि.स. को वाडा नं. ७ र ८ मा बसोबास गर्ने गुरुङ जातिहरुको आर्थिक अवस्थाको अध्ययन गर्ने उद्देश्यले गरिएको हो । यस क्षेत्रमा बसोबास गर्ने गुरुङ जातिहरुको आर्थिक अवस्थाको साथसाथै परिवर्तित अवस्था के छ भन्ने प्रस्ट पार्ने उद्येश्यबाट तयार पारिएको हो ।

गुरुङ जातिको परम्परागत पेसा कृषि र पशुपालन हो । तर आजभोलीको बदलिदो परिस्थितिले गर्दा उनीहरुले पेसा परम्परागत पेसालाई छोड्दै नयाँ बैकल्पिक पेसा अपनाएको पाइन्छ । जसले गर्दा उनीहरुको आर्थिक आम्दानी गर्ने श्रोत पनि परिवर्तन भएको पाइन्छ । यस शोशपत्रमा उल्लेखीत क्षेत्रका गुरुङ जातिको आर्थिक पक्ष र यसमा आएको परिवर्तनको बारेमा अहिले सम्म विस्तृत रुपमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन भएको पाइदैन । त्यसैले यस अध्ययनमा कास्की जिल्ला लुम्ले गा.वि.स.मा बसोबास गर्ने गुरुङ जातिको आर्थिक परिवर्तन माथि अध्ययन गर्ने जमर्को गरिएको छ । यस गा.वि.स. को वडा नं.७ र ८ मा बसोबास गर्ने ३५ घरपरिवारलाई नमुनाको रुपमा लिइ तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलन अर्न्तवार्ता, अवलोकन, विशेष जानकार ब्यक्तिसंगको अर्न्तवाता जस्ता पद्धति अपनाउनुको साथै विभिन्न पुस्तक समाजशास्त्रीय तथा मानवशास्त्रीहरुको भनाई, लेख, रचना, पत्रपत्रिकाहरुको अध्ययन गरी तिनलाई आवश्यकता अनुसार व्याख्या गरि तथ्यपरक र बोधगम्य बनाउने प्रयास गरिएको छ ।

तालिका नं. १ अनुसार तोल्का र भिचुक गाउँमा सबै भन्दा बढी ३४.२९ प्रतिशत कृषि पेशामा आवद्दता रहेको पाइयो भने नोकरी र भैन्सिपालानामा सबैभन्दा कम ११.४३ प्रतिशत आवद्दता रहेको पाइयो । तालिका नं. २ अनुसार तोल्का र भिचुक गाउँमा ४ रोपनी भन्दा बढी जग्गा हुने ३४.२९ प्रतिशत छन भने १ रोपनी भन्दा कम हुने ८.५७ प्रतिशत रहेका छन् । तालिका नं.३

अनुसार तोल्का र भिचुक गाउँको कुल आम्दानीलाई हेर्दा वार्षिक रुपमा सबैभन्दा बढी २८.५७ प्रतिशतले १ लाख ५० हजारसम्म आम्दानी गरेको पाइयो भने सबै भन्दा कम ११.४३ प्रतिशतले ५० हजारसम्म आम्दानी गर्ने गरेको पाइयो । तालिका नं. ४ अनुसार तोल्का र भिचुक गाउँमा खाध्यान्नमा सबै भन्दा बढी ८१ हजार सम्म खर्च गर्ने ३१.४३ प्रतिशत रहेका छन् भने सबै भन्दा कम २० हजार सम्म खर्च गर्ने ११.४३ प्रतिशत रहेका छन् । तालिका नं.५ अनुसार तोल्का र भिचुक गाउँमा लात्ताकपडामा सबैभन्दा बढी ८ देखि १२ हजार सम्म खर्च गर्ने ४० प्रतिशत रहेका छन् भने सबै भन्दा कम ५ हजार सम्म खर्च गर्ने ८.५७ प्रतिशत रहेका छन् । तालिका नं. ६ अनुसार तोल्का र भिचुक गाउँमा औषधि उपचारमा ३ हजार सम्म खर्च गर्ने सबै भन्दा बढी ३१.४३ प्रतिशत रहेका छन् भने ४ देखि ६ हजार सम्म खर्च गर्ने सबै भन्दा कम २० प्रतिशत रहेका छन् । तालिका नं. ७ अनुसार तोल्का र भिचुक गाउँमा शिक्षामा सबै भन्दा बढी ४० हजार सम्म खर्च गर्ने ३७.१४ प्रतिशत रहेका छन् भने सबै भन्दा कम १० हजारसम्म खर्च गर्ने ११.४३ प्रतिशत रहेका छन् । तालिका नं. ८ अनुसार तोल्का र भिचुक गाउँमा मनोरन्जनमा सबै भन्दा बढी १० हजार सम्म खर्च गर्ने ३७.१४ प्रतीशत रहेको पाइयो भने सबै भन्दा कम ५ हजार सम्म खर्च गर्ने ११.४३ प्रतिशत रहेको छ । तालिका नं. ९ अनुसार तोल्का र भिचुक गाउँमा धार्मिक कार्यमा सबै भन्दा बढी १० हजार सम्म खर्च गर्ने ३७.१४ प्रतिशत रहेका छन् भने सबै भन्दा कम ५ हजार सम्म खर्च गर्ने २० प्रतिशत रहेका छन् । तालिका नं. १० अनुसार तोल्का र भिचुक गाउँमा सबै भन्दा बढी ऋण नलिने ४५.७१ प्रतिशत रहेका छन् भने सबै भन्दा कम आफन्तबाट ऋण लिने २२.८६ प्रतीशत रहेका छन् ।

अध्ययन क्षेत्रका गुरुङहरुले अन्य पेशाहरुलाई अंगाले पनि कृषि सबैको मूख्य पेशा अर्थात कृषिलाई सबैले निरन्तरता दिएको पाइयो । त्यस्तै तालिका अनुसार यहाँका गुरुङहरुको भूस्वामित्व तथा आम्दानी मध्यम खालको देखियो । अध्ययन क्षेत्रका गुरुङहरुले खाद्धान, लत्ताकपडा तथा शिक्षामा बढी खर्च गरेको पाइयो भने मनोरन्जन, धार्मिक कार्य तथा स्वास्थ्यमा ठिकै मात्रामा खर्च गरेको पाइयो । यी क्षेत्रहरुमा ऋण लिने भन्दा नलिनेको संख्या बढी रहेको पाइयो । जेहोस यहाँका मानिसहरु मध्यम बर्गीय रहेको पाइयो ।

त्यस्तै तालिका नं. ११ अनुसार अध्ययन क्षेत्रका गुरुङहरुले विगतमा कृषि जीवन निर्वाहको लागि मात्र गर्थे भने वर्तमानमा कृषिबाट पनि ब्यापार व्यवसाय गर्न थालेको परिवर्तन पाइयो । कसैले

कृषिको अलावा पेशा परिवर्तन गरि नोकरितिर लागेको पाइयो । त्यस्तै कोहि स्वदेशी रोजगारले मात्र पुगेन भनेर विदेशी रोजगारतिर पनि लागेको पाइयो भने वर्तमानमा कुखुरा फार्म खोलेर व्यवसाय गर्न थालेको पाइयो । त्यस्तै कतिपयले कृषिको अलावा ब्यापार गर्न थालेका छन् । तालिका नं. १२ अनुसार अध्ययन क्षेत्रका गुरुङहरुले आर्थिक आम्दानी गर्ने मानिस शिक्षित हुनुपर्दो रहेछ भन्ने बुझ्रेर विगतको तुलनामा वर्तमानमा निजि विद्यालय पढ्नेको संख्या बढी पाइयो । त्यस्तै अनपढ बुढाबुढीहरुले पनि प्रौढ शिक्षा लिएको पाइयो । तालिका नं. १३ अनुसार अध्ययन क्षेत्रका गुरुङहरुले आम्दानीको लागि कृषिको अलावा अरु ब्यापार व्यवसाय, रोजगार, कुखुरापालन तथा भैसीपालन गरि आम्दानीको श्रोतमा परिवर्तन ल्याएको पाइयो । तालिका नं. १४ अनुसार अध्ययन क्षेत्रका गुरुङहरुमा विश्वव्यापीकरण तथा आधुनिकीकरणले गर्दा खाधान्न, मनोरन्जन, लत्ताकपडा, धर्मकर्म साथै स्वास्थ्य सम्बन्धि खर्चमा पनि धेरै खालको परिवर्तन आएको पाइयो ।

गुरुङ जाति आफ्नो छुट्टै पहिचान बोकेको जाति भएता पनि यस जातिको विभिन्न सामाजिक संस्थाहरुमा परिवर्तन आएको पाइन्छ र उक्त परिवर्तन पुन परिवर्तन हुने क्रम चलि रहेको छ । जस्तै परिवारको संरचना, विवाह, धर्म, शिक्षा, पेसा, रहनसहन, लगाई-खुवाई, आर्थिक, राजनीतिक पक्षमा परिवर्तन हुदै गएको पाइन्छ । अर्को तर्फ उनीहरुले आफ्नो केही मौलिक र परम्परागत संस्कारहरुलाई पनि निरन्तरता दिदै आएको छ । जसले गर्दा झट्ट हेर्दा गुरुङ समुदायमा परिवर्तन नआएको जस्तो पनि देखिन्छ ।

तर वास्तवमा गुरुङ समुदायमा पनि परिवार्तान आएको छ । जस्तै पेशाको आधारमा हेर्दा, पहिले पहिले लाहुरे हुनेको संख्या बढी थियो भने अहिले कतिपयले पढेर अरु क्षेत्रहरुमा पनि लागेका देखिन्छन । त्यस्तै पहिले खेतीपाती खानाको लागि मात्र गर्थे भने अहिले खेतीबाट पनि ब्यापार व्यवसाय गर्न थालेका छन् । जेहोस गुरुङहरुको आर्थिक पक्षमा परिवर्तन हुँदै आइरहेको पाइन्छ ।

## ६.२ निस्कर्ष

गुरुङ समुदायको आर्थिक अवस्थामा परिवर्तन ल्याउने विभिन्न कारक तत्व मध्ये एक शिक्षा रहेको पाइयो । शिक्षाको कारणले नै यहाँका गुरुङहरुले कृषि तथा लाहुरे हुनुको अलावा अन्य पेशालाई

पनि अंगालेको पाइयो  त्यस्तै शिक्षा र रोजगारी प्राप्त गर्न नेपालि र अंग्रेजी भाषा आवश्यक भएकाले गुरुङ भाषा भन्दा पनि यिनै भाषाहरुलाई आफ्नो दैनिक जीवनमा बढी प्रयोगमा ल्याइएको पाइयो । विस्वब्यापिकरणले गर्दा नै यहाँका गुरुङहरुको शिक्षा, कृषि, राजनीति, आर्थिक आदि विविध पक्षमा सकारात्मक परिवर्तन आएको छ । जसले गर्दा उनीहरुको शिक्षा, स्वास्थ्य, सञ्चार लगायत अन्य औधोगिक वस्तुहरुको उपभोगमा पहुँच बढेको देखिन्छ । साथै आम्दानीको स्रोतमा विविधिकरण भएको पाइन्छ । जेहोस भिचुका गाउँका गुरुङहरुको आर्थिक अवस्थामा नयाँ मूल्य मान्यताहरुको जन्म भैरहेका छन् ।

## सन्दर्भ सामग्रीहरू

आचार्य, बलराम (२००५). *संस्कृतिको नमुना, मानवशास्त्रीय सिद्धान्तहरूको विवेचना.* भोटाहिटी, काठमाडौंः नेशनल बुक्स सेन्टर ।

काफ्ले, डोलराज (२०५६). *गुरुङ संस्कृति र घांटु नाच.* नेपालगञ्जः इतिहास विभाग, नेपालगञ्ज ।

कावाकिता, जे. (२०४७). *नेपाल हिमालयका जनजातिहरू.* अनुवादक खड्गमान मल्ल, काठमाडौंः च्वासापासा प्रकाशन ।

गुरुङ, जगमान (२०३४), *'गुरुङ जाति तथा संस्कृति',* पोखरा सेन्टर प्रेस, भीमसेन टोल, पोखरा ।

गुरुङ, सुनिता (२०५४), *'गुरुङ संस्कृतिमा रोधी गीतको अध्ययन',* नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गुरुङ, क्याप्टेन मीनबहादुर (२०५८), *'नौचु पैंगीलम र मौजा गाउँ',* प्रिन्टर्स वर्ल्ड न्यूप्लाजा, पुतलीसडक, काठमाडौं ।

गुरुङ, मीनबहादुर (२०६०), *'रोधी',* डाँफे कला मन्दिर, पोखरा ।

गुरुङ, राम (२०६२), *'गुरुङ जातिको सांस्कृतिक परम्पराहरू',* प्रकाशिका, श्रीमती आइतमाया गुरुङ, एपोलो अफसेट प्रा.लि., काठमाडौं ।

गुरुङ, सु. चन्द्रमणि (२०६७), *'गुरुङ जातिको कथा र व्यथा',* सिग्देल मुद्रणालय प्रा.लि., पोखरा औद्योगिक क्षेत्र ।

गौतम, टीकाराम (२०५८), *'सामाजिक अनुसन्धान पद्धति',* प्रकाशक, वितरक, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।

तमु, डिल्लीजङ (२०५४), '*तमु जातिको* परिचय', प्रकाशिका, भू.पू. मन्त्री सुश्री भद्रकुमारी घले, जीवन प्रिन्टिङ सर्पोटस प्रेस, नयाँ बजार, काठमाडौं ।

थापा, धर्मराज (२०३२), *'गण्डकीका सुसेली',* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौं ।

दाहाल, प्रा.डा. पेशल (२००५), *'अनुसन्धान पद्दति',* एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीब्यूटर्स, भोटाहिटी, काठमाडौं ।

विष्ट, डोरबहादुर (२००२), *'सबै जातको फूलबारी',* हिमाल किताब, हिमाल एसोसिएसन, पाटन ढोका, पो.ब.नं. १६६, ललितपुर ।

शर्मा, नगेन्द्र (२०३२), *'नेपाली जनजीवन',* रूपायन प्रेस, ढोका टोल, काठमाडौं, नेपाल ।

अधिकारी, चन्द्रप्रकाश (२०४९) *'गुरुङ संस्कृतिमा देखिएका प्रमुख समस्याहरू',* गरिमा मासिक, पुष, वर्ष ११, अङ्क १, साझा प्रकाशन, पुलचोक, ललितपुर ।

पौड्याल, वीणा (२०४८), *'गुरुङ नारी र सांस्कृतिक जीवन',* गरिमा मासिक, जेठ, वर्ष ९, अङ्क ६, साझा प्रकाशन, पुलचोक, ललितपुर ।

लुइँटेल, खगेन्द्र प्रसाद (२०४९), *'गुरुङ जाति र लोक मनोरञ्जन',* गरिमा मासिक, भाद्र, वर्ष १०, अङ्क ८, साझा प्रकाशन, पुलचोक, ललितपुर ।

Fisher, James (2011), 'Globalization in Nepal Theory and Practice'

Gautam, Dr. Rajesh and K. Thapa Magar, Asoke (1993), *'Tribal Ethnography of Nepal Volume I'*, BOOK FAITH INDIA 416 Express Tower Ajadpur Commercial Complex Delhi- 110033 (India), Distribution in Nepal by Tiwari's Pilgrims Book House P.O.Box 3872, Thamel, Kathmandu, Nepal 1994.

Messerschmidt, Donald A. (1976) *'THE GURUNGS OF NEPAL, Conflict and Change in a Village Society'*, OXFORD & IBH PUBLISHING CO. New Delhi, Calcutta, Bombay. Printed in Great Britain by Biddles Ltd., Guildford, Surrey.

PIGNEDE, BERNARD (1993) *'THE GURUNGS, A Himalayan Population of Nepal',* English Edition by SARAH HARRISON and ALAN MACFARLANE, Ratna Pustak Bhandar, Bhotahiti, Kathmandu Nepal. First Published in 1966 by Mouton and Co., The Hague and ECOLE DES HAUTES ETUDES EN. SCIENCES, PARIS.

# प्रश्नावली

**गुरुङ जातिको आर्थिक अवस्थाको घरदैलो सर्बेक्षण प्रस्नहरु :**

१) तपाईंको पेसा के हो ?

२) वार्षिक रुपमा कति आम्दानी गर्नु हुन्छ ?

३) खाना पुग्छ वा पुग्दैन ?

४) घरायसी सामान के के निर्माण गर्नु हुन्छ ? निर्माण गरेका सामान आफै प्रयोग गर्नुहुन्छ वा बेच्नु हुन्छ ?

५) तपाईको छोरा छोरीलाई विद्यालय पठाउनु भएको छ ?

६) तपाइको घर कस्तो प्रकारको छ ?

७) तपाईंको घरमा बाल्ने बत्तिको स्रोत के हो ?

८) तपाइले आफ्नो खेतवारिबाट उत्पादन गरेको खाद्यान्नले कति समयलाई खान पुग्छ ?

९) तपाइको जग्गा जमीन कति छ ?

१०) अहिले सम्म ऋण लिनु भएको छ ? यदि छ भने कति लिनु भएको छ ?

११) अपुग भए के बाट पुर्याउनु भएको छ ?

१२) ऋण कहाँ बाट लिनु भएको छ ?

१३) बार्षिक आम्दानीबाट खर्च घटाउदा वचत हुन्छ कि अपुग हुन्छ ?

१४) तपाईंको परिवारको वार्षिक खर्च कति छ ?

१५) तपाइहरुको समुहहरुलाई कस्ता संस्थाहरुले सहयोग गरिरहेका छन् ?

१६) कुन कुन क्षेत्रमा सहयोग गर्दछन ?

१७) सरकारी जागीर गर्नुहुन्छ वा निजि ?

१८) कुन कुन किसिमका जनावर पाल्न' भएको छ ?

१९) लाहुरे पेशाको सकरात्मक र नकरात्मक प्रभावहरु के के छन ?

२०) खेतीपाती आफैंले खानको लागि मात्र गर्नु हुन्छ वा बेच्नु हुन्छ ?

२१) आम्दानीलाई कुन कुन ठाँउमा लगानी र वचत गर्नुहुन्छ ?

२२) स्वास्थ्यको क्षेत्रमा कत्तिको खर्च गर्नु हुन्छ ?

२३) तपाईको आम्दानिले छोराछोरीलाई पढाउन सक्नु भएको छ कि छैन ?

२४) छोराछोरीलाई पढाउन वर्षमा कति खर्च लाग्दछ ?

२५) तपाईको मूख्य खाना के हो ?

२६) चाडपर्बमा विशेषगरि कस्तो प्रकारका खाना हरु खानुहुन्छ ?

२७) तपाईंको बिबाह कति बर्षमा गर्नुभयो ?

२८) तपाईंले कस्तो प्रकारको बिबाह गर्नुभयो ?

२९) बिबाहमा दाईजो लिने चलन छ कि छैन ?

३०) पशुपालन बाट घर्ब्यबहार चलाउन सक्नुहुन्छ ?

३१) पशुपालनबाट बचत गर्न सक्नुहुन्छ ?

३२) तपाईंको घरमा कति जना सदस्यहरु रोजगार छन् ?

**मूख्य जानकार ब्यक्तिहरुसँग सोधिने प्रश्नहरु :**

१) गुरुङहरुको मुख्य पेसा के हो ?

२) गुरुङ्ग जातिहरुको सरकारी क्षेत्रमा कति मात्रामा आवद्धता रहेको छ ?

३) रोजगारीको लागि विदेश गएका छन कि छैनन् ?

४) गुरुङ्गहरुको घरेलु उद्योगको अवस्था कस्तो छ ?

५) यहाँका गुरुङ्गहरुले चाडपर्ब मनाउँदा कत्तिको खर्च गर्दछन ?

६) विहेवर्तनमा कत्तिको खर्च गर्नहुन्छ ?

७) गुरुङ्ग गाउँहरुमा कुन कुन किसिमका खेतीबालिहरु लगाइन्छ ?

८) यहाँका गुरुङ्गहरुले बिगतमा प्राय कस्तो पेशा गर्दथे र बर्तमानमा कस्तो गर्दछन् ?

९) बिगतको तुलनामा अहिले शिक्षित मानिसहरूको संख्या बढेको छ कि छैन ?

१०) बिगतको तुलनामा अहिले सरकारी क्षेत्रमा गुरुङ्गहरुको आबद्धता कस्तो छ ?

११) बिगतमा सामानहरुको ढुवानी कसरी गर्नुहुन्थ्यो र बर्तमानमा कसरी गर्नुहुन्छ ?